त्रिभुवन विश्वविद्यालय
सम्बन्धनसम्बन्धी नीति मस्यौदा प्रतिवेदन

२०७२

त्रिभुवन विश्वविद्यालय
सम्बन्धनसम्बन्धी नीति मस्यौदा प्रतिवेदन
२०७२

त्रि.वि. सम्बन्धनसम्बन्धी नीति मस्यौदा समिति

• प्रा.प्रल्हादराज पन्त	संयोजक
• प्रा.डा. ऋदिशकुमार पोखरेल	सदस्य
• प्रा.डा. गणेशप्रसाद अधिकारी	सदस्य
• प्रा.डा. गोकर्णबहादुर मोत्रा	सदस्य
• प्रा.डा. ईश्वरराज वन्त	सदस्य
• प्रा. डा. कृष्णप्रसाद गौतम	सदस्य
• सह प्रा. ताराप्रसाद भुसाल	सदस्य
• सह प्रा. लक्ष्मीकान्त शर्मा	सदस्य
• श्री नारायणप्रसाद खनाल (कानुनी सल्लाहकार)	सदस्य सचिव

पाक्कथन

त्रि.वि. को सम्बन्धन सम्बन्धी नीति स्पष्ट नभएको सन्दर्भमा त्रि.वि.का वर्तमान उपकुलपतिज्यूको ध्यान आकृष्ट भई कार्यकारी परिषद्को निर्णयबाट त्रिभुवन विश्वविद्यालयबाट विज्ञान तथा प्रविधि, चिकित्साशास्त्र, इन्जिनीयरिङ्ग, कृषि तथा पशु विज्ञान र वन विज्ञान अध्ययन संस्थानहरु एवं शिक्षाशास्त्र, कानून, व्यवस्थापन र मानविकी संकायहरु अन्तर्गत सम्बन्धन प्राप्त गरी नयाँ कार्यक्रम तथा कार्यक्रम विस्तार गर्न चाहने निजी तथा सामुदायिक क्याम्पसहरुलाई अस्थायी तथा स्थायी सम्बन्धन दिने सम्बन्धी व्यवस्था गर्न त्रि.वि. सम्बन्धन सम्बन्धी नीतिको मस्यौदा तयार गरी प्रतिवेदन पेश गर्न यस समितिलाई जिम्मेवारी दिइएकोमा सर्वप्रथम त कार्यकारी परिषद र उपकुलपतिज्यूप्रति आभार प्रकट गर्दछौं ।

सम्बन्धन सम्बन्धी नीतिको मस्यौदा तयार गर्ने कार्य सहज नभई जटील कार्य हो । हालसम्म त्रि.वि.के सम्बन्धन सम्बन्धमा त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० मा सामान्य रुपमा व्यवस्था रहेको पाइन्छ । त्रिभुवन विश्वविद्यालयको आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरु देशको सम्पूर्ण क्षेत्रमा फैलिएको अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ सम्बन्धन प्रदान गर्दा विभिन्न संकाय र अध्ययन संस्थानहरुले आ-आफ्नै ढंगले सम्बन्धनका आधार र मापदण्डहरु तयार गरी सम्बन्धन दिने गरेको पाइयो ।

भौगोलिक एवं क्षेत्रीय विविधता रहेको हाम्रो जस्तो देशमा जनताका छोराछोरीहरु आफ्नै घर आंगनमा उच्चशिक्षा हासिल गर्न सकुन भन्ने उद्देश्यले त्रि.वि.ले सम्बन्धन प्राप्त क्याम्पसहरुको विस्तार गरेको देखिन्छ । मस्यौदा निर्माणको विभिन्न चरणमा यस समितिमा सम्बन्धन सम्बन्धमा अल्पकालीन र दीर्घकालीन मापदण्ड एवं आधारहरुको वारेमा व्यापक छलफल हुंदा सहज रुपमा कार्यान्वयन गर्न सकिने सिफारिशहरुमात्र प्रदान गर्ने कि तत्कालीन गर्न नसक्ने तर देशको उच्च शिक्षाको गुणस्तर तथा त्यसबाट जनताले प्राप्त गर्ने गुणस्तरीय शिक्षामा दूरगामी प्रभाव पार्न सक्ने दीर्घकालिन नीतिहरु पनि समावेश गर्ने भन्ने विषयमा विभिन्न रायहरु प्राप्त भयो । त्रि.वि.का पदाधिकारीहरुको राय सुझाव, समितिका सदस्यहरुको वौद्धिकता, विशिष्ट अनुभव र उल्लेखनिय प्रतिवद्धता एवं विभिन्न पेशागत संघ संगठनका प्रतिनिधिहरु तथा सरोकारबाला व्यक्तिहरुबाट प्राप्त सुझावहरु समावेश गर्दै त्रि.वि.को वर्तमान आवश्यकतालाई मात्र सम्बोधन नगरी संविधान प्रदत्त सबैको लागि शिक्षा भन्ने मौलिक हकलाई आत्मसाथ गरी उच्च शिक्षाको विकासका लागि मार्गदर्शक वन्न सकोस् भन्ने विश्वासका साथ यो मस्यौदा प्रतिवेदन तयार गरिएको छ ।

त्रि.वि.ले दिएको जिम्मेवारी अनुसार यो प्रतिवेदन तयार गरिएकोले यस प्रतिवेदनमा कुनै कमी कमजोरी छैनन् भन्न सकिंदैन तथापी प्रतिवेदनमा उल्लेखित कुराहरुले त्रि.वि.को सम्बन्धन सम्बन्धी नीति र त्यसलाई कार्यान्वयन गर्न अवश्य पनि सहज र सहजिकरण प्रदान गर्नेछ भन्दै प्रतिवेदन तयार गर्न सहयोग गर्ने सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु ।

प्रल्हादराज पन्त

संयोजक

विषय सूची

		पेज
●	अध्याय-१: परिचय	१-३
१.१.	पृष्ठभूमि	१
१.२	अध्ययनको उद्देश्य	१
१.३	अध्ययनको आवश्यकता/औचित्यता	२
१.४	अध्ययनको सीमा	२
१.५	अध्ययन-विधि	३
●	अध्याय -२: पूर्व कार्यहरूको समीक्षा	५-१८
२.१	सम्बन्धन सम्बन्धी संक्षिप्त ईतिहास	५
२.२	त्रि.वि.को संक्षिप्त शैक्षिक अवस्था	६
२.३	सम्वन्धन प्रक्रियाको समीक्षा	६
२.४	सेवा शुल्क सम्बन्धी व्यवस्था	७
२.५	भौगोलिक एवं क्षेत्रिय सन्तुलनको स्थिति	८
२.६	सम्बन्धनसम्बन्धी व्यवस्थापकीय समस्याहरू	१२
२.७	निष्कर्ष	१८
●	अध्याय -३: क्याम्पस सम्बन्धन सम्बन्धी नीति	१७-२३
३.१	सम्बन्धन सम्बन्धी नीतिगत समस्या	१७
३.२	सम्बन्धनको लक्ष्य	१७
३.३	निर्देशक सिद्धान्त	१८
३.४	कार्यनीति	१९
३.५	सम्बन्धन कार्यक्रम, स्वीकृति, सञ्चालन तथा व्यवस्थापन	१९
३.६.	सम्बन्धन स्थगन र खारेज गर्ने आधारहरू	२१
३.७.	सम्बन्धन लिने दिने प्रक्रिया	२२
३.८	नाम तथा स्थान परिवर्तन	२३
●	अध्याय -४: सम्बन्धन तथा कार्यक्रम विस्तार उच्चस्तरीय समिति	२४-२५
●	अध्याय -५: संरचनाको परिर्वतन	२५
५.१	संरचना परिवर्तन	२५
५.२	सम्बन्धन इकाई	२५
●	अध्याय -६: शुल्क व्यवस्थापन	२६-२६
६.१	सम्बन्धन सम्बन्धी सेवा शुल्क	२६
●	अध्याय -७: सम्बन्धन प्राप्त क्याम्पसको श्रेणी विभाजन	२७
●	अध्याय -८: आंगिक क्याम्पस सम्बन्ध	२९
●	सम्बन्धन तथा कार्यक्रम विस्तार कार्यविधि	३२
●	सन्दर्भ ग्रन्थ	

अध्याय-१

परिचय

१.१. पृष्ठभूमि

नेपालको उच्च शिक्षा विकासको क्षेत्रमा अग्रणी भुमिका निर्वाह गर्दै आएको त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) देशको पूर्व मेची देखि पश्चिम महाकाली सम्म र तराई देखि हिमालसम्म फैलिएको छ । मुलुकको सर्वाङ्गिण विकासमा समर्पित यो राष्ट्रिय विश्वविद्यालयले आफ्नो स्थापनाकाल वि.सं.२०१६ देखि निरन्तररुपमा मुलुकको आवश्यकता अनुसार गुणस्तरीय एवं दक्ष जनशक्ति तयार गर्ने, विविध पक्षमा अनुसन्धान गर्ने, राष्ट्रिय संस्कृती र परम्पराको संरक्षण र विकास गर्ने, कला, विज्ञान, प्रविधी तथा व्यवसायिक क्षेत्रको ज्ञान र सिप विकासलाई व्यापक एवं व्यावहारिक र समय सापेक्ष वनाउन उल्लेखनिय योगदान दिदै आएको छ । नेपाली समाजको अग्रगामी परिवर्तन र प्रगतीका लागि समय सापेक्ष नयाँ कार्यक्रमहरू समेत सञ्चालन गरी दक्ष र आधुनिक सिपयुक्त जनशक्ति उत्पादन गर्ने गहन जिम्मेवारी पनि त्रि.वि. ले नै निर्वाह गर्दै आएको छ । स्थापनाको प्रारम्भदेखि नै नेपाल सरकारको पूर्ण अनुदानमा सञ्चालन हुदै आएको त्रि.वि. एक मात्र राष्ट्रिय विश्वविद्यालय हो ।

त्रिभुवन विश्वविद्यालयले देशको उच्च शिक्षा विकासको क्षेत्रमा दिदै आएको योगदानलाई थप प्रभावकारी र समयसापेक्ष बनाउदै लैजानका लागि विश्वविद्यालयले आफ्ना मातहतका आङ्गिक क्याम्पस, सम्बन्धन प्राप्त निजी तथा सामुदायिक क्याम्पसको व्यवस्थापन पक्षमा सुधार गर्न आवश्यक छ । देशको विभिन्न भौगोलिक क्षेत्र र समुदायका लागि उच्च शिक्षा सरल एवं सहजरुपमा पहुँचयोग्य बनाउन सञ्चालित आङ्गिक क्याम्पसहरूको सुदृढीकरण र जन सहभागिताको माध्यमबाट उच्च शिक्षाको सेवालाई विस्तार गर्न निजी तथा सामुदायिक क्याम्पसहरूलाई दिइने सम्बन्धन प्रकृयामा सुधार गरी गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता गर्न पनि जरुरी भएको छ । विश्वविद्यालय अन्तर्गतका अध्ययन अनुसन्धानमा संलग्न निकायहरूको कार्यान्वयन पक्षमा छिटो छरितोपनको विकास, व्यवस्थापकीय क्षेत्रमा पारदर्शिता तथा जवाफदेहिता जस्ता पक्षको सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र निरीक्षणको पक्षलाई विशेष बलियो बनाउन विश्वविद्यालयले नीतिगत व्यवस्थापन गर्न आवश्यक छ । नेपालको संविधान २०७२ को भाग १ को धारा ३० (५) को उपधारा (५) ले नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई शैक्षिक संस्था खोल्न र संचालन गर्ने हक हुनेछ भन्ने उल्लेख भएवाट पनि जनसहभागितामा सञ्चालन गरिने उच्च शिक्षालाई व्यवस्थित गर्न आवश्यक देखिन्छ । यसैलाई मध्यनजर गरी त्रि.वि. कार्यकारी परिषद्को मिति २०७२/५/१५ को बैठकले त्रि.वि.का विभिन्न अध्ययन संस्थान तथा संकाय अन्तर्गत सम्बन्धन स्वीकृति लिई सञ्चालन गर्न चाहने नीजि तथा सामुदायिक क्याम्पसहरूलाई अस्थायी तथा स्थायी सम्बन्धन दिने सम्बन्धी व्यवस्थापन गर्न आवश्यक नीति निर्माण गरी मसौदा पेश गर्न प्रा. प्रल्हादराज पन्तको संयोजकत्वमा ९ सदस्यीय त्रि.वि. सम्बन्धनसम्बन्धी नीति मसौदा समितिको कार्यादेश निम्न वमोजिम रहेकोछ:

(क) सम्वन्धन दिंदा अपनाउनुपर्ने आधारहरू (Criteria)।
(ख) क्याम्पसको सम्भाव्यता अध्ययन सम्वन्धी प्रक्रिया निर्धारण ।
(ग) क्षेत्रिय आधारमा सम्वन्धन स्वीकृति ।
(घ) त्रि.वि.ले सामुदायिक र निजी सम्वन्धन क्याम्पसको वारेमा लिने सम्वन्धन नीति ।
(ङ) आङ्गिक क्याम्पसहरूलाई थप मजवुत पार्न गर्नुपर्ने सम्वन्धन नीति ।
(च) आवश्यकता अनुसार आङ्गिक क्याम्पसको दुरी निर्धारण ।
(छ) सम्वन्धन क्याम्पसको नियमित अनुगमन सम्वन्धी प्रक्रिया ।

(ज) त्रि.वि.को आङ्गिक क्याम्पसको वर्तमान अवस्थाको आधारमा सम्वन्धनमा लिने नीति ।
(झ) समय सापेक्ष विषयहरूको थप पठन पाठन सम्वन्धमा लिइने सम्वन्धन नीति ।
(ञ) सम्वन्धन क्याम्पसको समायोजन सम्वन्धी लिइने नीति ।

१.२ अध्ययनको उद्देश्य

उच्च शिक्षा आर्जन गर्ने नेपाली जनचाहना अनुरुप त्रि.वि. अन्तर्गत उच्च शिक्षाको सेवा प्रदान गर्ने निजी तथा सामुदायिक क्याम्पसहरूको योजनाबद्ध र व्यवस्थित विकास गर्न आवश्यक भएकाले त्यसको लागि यो नीति मसौदा निर्माण गरिएको छ । जसका उद्देश्यहरू निम्नानुसार छन् :

१. त्रि.वि.अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त निजी एवं सामुदायिक क्याम्पसहरूको व्यवस्थापन पक्ष सुदृढ गर्ने ।

२. त्रि.वि.को स्वीकृति लिई सञ्चालन गर्न चाहने निजी तथा सामुदायिक क्याम्पसहरूको सञ्चालनमा सुधार ल्याई पठन पाठनको गुणस्तरीयता सुनिश्चितता गर्ने ।

३. उच्च शिक्षाको विकासमा देशको भौगोलिक एवं प्रादेशिक क्षेत्र सन्तुलन कायम गर्ने गरी निजी तथा सामुदायिक क्याम्पसहरूको विस्तार एंव विकास गर्ने ।

४. निजी तथा सामुदायिक क्याम्पसहरूको नियमित अनुगमन र मूल्याङ्कन गरी सञ्चालनमा रहेका क्याम्पसहरूको आवश्यकता अनुसार खारेजी र समायोजन प्रक्रिया निर्धारण गर्ने ।

५. निजी तथा सामुदायिक क्याम्पसहरूले त्रि.वि.लाई दिने सम्बन्धन र अन्य शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्ने ।

१.३ अध्ययनको आवश्यकता/औचित्यता

विगत लामो समयदेखि त्रि.वि. ले सम्बन्धन दिदै आएको भएतापनि सो सम्बन्धमा हालसम्म त्रि.वि.को स्पष्ट नीतिको अभाव देखिन्छ । सम्बन्धन सम्बन्धमा विभिन्न संकाय एवं अध्ययन संस्थानका डीन कार्यालयहरुले तयार गरेको मापदण्डको आधारमात्र सम्बन्धन प्रदान गर्ने गरेकोले त्रि.वि. ले सम्बन्धन दिने सम्बन्धमा एउटा व्यापक र फराकिलो खाका तयार पार्नु आवश्यक छ । हरेक संकाय/अध्ययन संस्थानको सम्बन्धन सम्बन्धी आधार र प्रकृया आ-आफ्नै किसिमको हुने भएकोले सम्बन्धन प्रक्रिया र आधारहरुमा एकरुपता र सामान्जस्यता रहेको पाईदैन । अतः त्रि.वि.ले तयार गरेको मापदण्ड भित्र रहेर मात्र सम्बन्धित डीन कार्यालयहरुले आफ्नो विस्तृत आधारहरु तय गर्नु पर्ने हुन्छ ।

१.४ अध्ययनको सीमा

त्रि.वि. कार्यकारी परिषद्ले क्याम्पस सम्बन्धनको व्यवस्थापनलाई समय सापेक्ष एवं प्रभावकारी बनाउने उद्देश्यले सम्बन्धन सम्बन्धी नीतिको मस्यौदा समिति गठन गरी यस समितिलाई सम्बन्धन सम्बन्धी नीति, र कार्यविधि तयार गर्न वृहत्तर पक्षहरूमा विस्तृत अध्ययन गरी नीतिको मस्यौदा तयार गर्ने जिम्मेवार दिइएअनुसारसमितिलाई तोकिएको सीमित समयावधी र देशको असहज परिस्थितिका कारण पर्याप्त रुपमा गर्नुपर्ने अध्ययन भ्रमण गर्न सकिएन । सबै अध्ययन संस्थान र संकायहरूका प्रकृति फरक फरक भएकोले र प्राविधिक विषयहरूमा सम्बन्धन दिंदा सम्बन्धित विषयका व्यावसायिक परिषदहरूको नीति-नियमहरू र नेपाल सरकारको उच्च शिक्षा नीतिसंग समेत नवाझिने गरी नीति नियम निर्माण गर्न कठिन भएता पनि यथासम्भव समेट्ने प्रयास गरिएको छ । सम्बन्धन प्राप्त क्याम्पसहरूको मूल्याङ्कनका वस्तुगत आधारहरू (Objective Criteria) निर्माण गर्ने कार्य नितान्त प्रांविधिक विषय भएकोले समय समयमा सम्बन्धित डीन कार्यालयले तयार पार्ने आधारलाई पनि संलग्न गर्नु पर्ने देखिन्छ ।

१.५ अध्ययन-विधि

(क) अध्ययनसंग सम्बन्धित निकायहरू:

यस अध्ययनको समग्र-संख्या (Population) ज्यादै विस्तृत छ । त्रि.वि. केन्द्रीय कार्यालय, त्रि.वि.का ९ वटा डीन कार्यालयहरू, सम्बन्धन प्राप्त क्याम्पसहरू, शिक्षा मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, उच्च माध्यमिक शिक्षा परिषद, विविध प्राविधिक विषयका काउन्सिलहरू, त्रि.वि. वाहेक नेपालका अन्य विश्वविद्यालयहरू यी सबै निकायहरूलाई यस अध्ययनको समग्रसंख्या मानिएको छ ।

(ख) तथ्याङ्क संकलन-विधि

१. समितिको वैठक र कार्य विभाजन

त्रि.वि. सम्बन्धन सम्बन्धी नीतिको मस्यौदा तयार गर्ने क्रममा यस समितिले तथ्याङ्क संकलन गरी प्रतिवेदन तयार गर्न समितिका सदस्यहरूमध्ये क-कस्ले के के गर्ने भन्ने कामको कार्यविभाजन गरियो । कार्यविभाजन अनुसार सामुहिक एवं व्यक्तिगत रुपमा संकलन गरिएका र संस्थागत रुपमा प्राप्त तथ्याङ्कहरूको वुंदागत विश्लेषण गर्ने कार्य पनि समितिको वैठकबाटै गरियो ।

२. दस्तावेज अध्ययन

विशेष गरेर त्रि.वि.ले प्रकाशन गरेका पुराना एवं विद्यमान दस्तावेजहरू, नेपाल सरकारको उच्च शिक्षा नीति, विश्वविद्यालय अनुदान आयोग, उच्च माध्यमिक शिक्षा परिषदका विभिन्न प्रतिवेदनहरू एवं काठमाडौं विश्वविद्यालय, र पोखरा विश्वविद्यालयका सम्बन्धन सम्बन्धी नीति नियमहरू एवं क्याम्पस सम्बन्धन सम्बन्धी विभिन्न दस्तावेजहरूको प्रयोग गरियो ।

३. सार्वजनिक सूचनाद्वारा सुझाव संकलन

समितिले प्रतिवेदन तयार गर्नका लागि सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरूबाट राय सुझाव संकलन गर्न मिति २०७२।०७।१७ गतेको गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरी क्याम्पस सम्बन्धन सम्बन्धी नीतिगत सुझावहरू लिखित, टेलिफोन एवं इमेलबाट माग गरिएको थियो ।

४. अवलोकन भ्रमण

क्याम्पस सम्बन्धन सम्बन्धी वस्तुस्थिति वुझ्न इन्जिनीयरिंग अध्ययन संस्थान पुल्चोक, ख्वप इन्जिनीयरिङ्ग क्याम्पस, पोखरास्थित जनप्रिय बहुमुखी क्याम्पस, धौलागिरी वहुमुखी क्याम्पस, वाग्लुंग, वन्दीपुर वहुमुखी क्याम्पस, पराशर क्याम्पस, तनहू लगायत त्रि.वि. का विभिन्न आङ्गिक एवं सम्बन्धन प्राप्त क्याम्पस र काठमाडौं विश्वविद्यालय, धुलिखेलको स्थलगत अवलोकन भ्रमण गरिएको थियो ।

५ सरोकारवालाहरूसंगको छलफल

सम्बन्धन सम्बन्धी वर्तमान समस्या र त्यसका नीतिगत समाधानका विषयमा व्यक्तिगत एवं सामुहिक रुपमा विभिन्न राय सुझावहरू संकलन गर्ने कार्य गरियो । ती मध्ये निम्न संघसंस्था तथा महानुभावहरुसंग अन्तरक्रिया गरी राय संकलन गरियो ।

- त्रि.वि.का पदाधिकारीहरू

- त्रि.वि.का अध्ययन संस्थान एवं संकायका डीन/सहायक डीनहरू
- नेपाल प्राध्यापक संघ, त्रि.वि. प्राध्यापक संघ, वैचारिक प्राध्यापक संघ/संगठनहरू
- त्रि.वि.कर्मचारी संघ, वैचारिक कर्मचारी संघ, संगठनका प्रतिनिधिहरू
- शिक्षा क्षेत्रको अनुभव लिएका माननीय सांसदहरू, योजना आयोगका पूर्व उपाध्यक्ष, निजी एवं सामुदायिक उच्च माध्यमिक विद्यालयका संचालकहरू ।

६. तथ्याङ्क विश्लेषणको प्रक्रिया

संकलित संख्यात्मक तथ्याङ्कहरूको विश्लेषण गर्दा Frequency र Percentage को मात्र प्रयोग गरिएको छ । त्यसै गरी गुणात्मक तथ्याङ्कहरूको विश्लेषण गर्दा सूचनाको वर्गीकरण एवं सिल्सिलेवार बनाउने कार्य समितिको वैठकबाट निर्णय गरियो ।

(ग) तथ्याङ्क संकलनमा देखिएका चुनौतिहरू

क्याम्पस सम्बन्धन तथा कार्यक्रम विस्तार सम्बन्धी नीति, नियम र कार्यविधिको मस्यौदा तयार गर्नका लागि आवश्यक तथ्याङ्क एवं सूचनाहरू संकलन गर्ने क्रममा धेरै विषयवस्तुहरू समेटनु परेकोले संरचित अन्तर्वार्ता-सूची (Structured Interview Schedule) को प्रयोग नगरी सामुहिक एवं व्यक्तिगत छलफल गरियो । त्यस्ता छलफलहरूबाट आएका सूचनाहरूले मस्यौदा लेखनमा सामान्य मार्ग निर्देशन प्राप्त भए पनि वुँदागत रुपमा विस्तृत जानकारी प्राप्त हुन सकेन ।

(घ) तथ्याङ्कको विश्वसनीयता (Reliability)

मस्यौदा तयार गर्दा विभिन्न सरोकारवाला व्यक्ति, संघ संस्था एवं समूहहरूको छलफलबाट प्राप्त सूचनाहरू नै बढी प्रयोग गरिएकोले त्यस्ता सूचनाहरू व्यक्तिगत अन्तर्वार्ताबाट प्राप्त हुने सूचना भन्दा बढी विश्वसनीय मानिन्छ । यो मस्यौदा तयार गर्ने क्रममा सम्बन्धित विज्ञहरूको रायसुझाव समेत लिइएकोले यस सम्बन्धन सम्बन्धी नीतिको मस्यौदा विश्वसनीय छ भन्न सकिन्छ ।

अध्याय –२

पूर्व कार्यहरूको समीक्षा

२.१ सम्बन्धन सम्बन्धी संक्षिप्त ईतिहास

वि.सं. १९७५ देखि सम्वन्धन सम्वन्धी कार्य त्रिचन्द्र क्याम्पसबाट सुरु भएको थियो । त्यस समयमा उक्त क्याम्पसको पठनपाठन भारतको कलकत्ता विश्वविद्यालय र पछि पटना विश्वविद्यालयको सम्बन्धनमा सञ्चालन भएको थियो । त्यस पछि नेपालमा उच्चशिक्षा दिने अन्य संस्थाहरू पनि विस्तारै स्थापना हुँदै गए र वि.सं. २०११ सम्ममा त्यस्ता संस्थाहरूको संख्या २१ पुगेको देखिन्छ । त्रि.वि.को स्थापना पूर्व सम्बन्धन दिने काम शिक्षा मन्त्रालयले गर्दथ्यो र निजीस्तरमा सञ्चालित क्याम्पसहरूको संख्या ३८ पुगेको थियो । त्रि.वि. को स्थापना (वि.सं. २०१६ पछि शिक्षा मन्त्रालयको सिफारिशमा त्रि.वि.ले नयाँ क्याम्पस खोल्न अनुमति एवं सम्बन्धन दिने व्यवस्था गरिएको थियो । वि.सं. २०२८ सालसम्ममा ६ वटा सरकारी क्याम्पस र ३८ वटा सम्बन्धन प्राप्त निजी क्याम्पसहरू संचालन भएका थिए (Shakya, 1984)।

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि त्रि.वि.सँग सम्बन्धनका लागि परेका आवेदनहरूको कारबाही स्थगनमा रहेको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजनाको नीति अनुरुप नै सवै सम्बन्धन प्राप्त क्याम्पसहरू त्रि.वि.का आङ्गिक क्याम्पसमा रुपान्तरित भएका थिए । जसअनुसार त्रि.वि.मा आङ्गिक क्याम्पसहरूको संख्या ६२ पुगेको थियो ।

नेपाली विद्यार्थीहरू निजी खर्चमा विदेशका विश्वविद्यालयमा अध्ययन गर्न जाने प्रवृत्तिलाई कम गर्न र देश भित्रै गुणात्मक शिक्षाको विकास गर्नका लागि निजी तथा सामुदायिक क्याम्पसहरूको विस्तार गर्न आवश्यक भईसकेको थियो । विश्व वजारमा प्रतिस्पर्धी जनशक्ति विकास, रोजगारको अवसर श्रृजना गर्न एवं विज्ञान तथा प्रविधि शिक्षाको विस्तार तथा विकास गर्नुपर्ने आवश्यकता महसुस गरी सोही अनुसार वि.सं. २०३७ देखि पुनः निजी क्षेत्रमा क्याम्पसहरू सञ्चालन गर्न त्रि.वि.ले सबन्धनका लागि स्वीकृति दिने व्यवस्था गरेको देखिन्छ । आर्थिक बर्ष २०३७/३८ मा २४ वटा निजी क्याम्पसहरूलाई मानविकी तथा सामाजिकशास्त्र र व्यवस्थापन संकायबाट स्वीकृति दिई प्रवीणता प्रमाणपत्र तह र स्नातक तहको कार्यक्रम सञ्चालन गरेको देखिन्छ ।

त्रिभुवन विश्वव्रिद्यालयले निजी क्षेत्रमा क्याम्पस स्थापना गर्न स्वीकृति दिने व्यवस्था त्रि.वि. ऐन २०४९ मा रहेको देखिन्छ । सोही अनुसार त्रि. वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० निर्माण भई निजी क्याम्पसहरू खोल्न स्वीकृति दिंदै आएको देखिन्छ । तदनुरुप आ.ब.२०५३/०५४ सम्ममा संकायतर्फका कार्यक्रम मात्र निजी क्षेत्रमा सञ्चालन गर्न सम्बन्धन प्रदान गरेकोमा आ.ब. २०५४/०५५ देखि चिकित्साशास्त्र अध्ययन संस्थानतर्फ, आ.ब.२०५७/०५८ देखि इन्जिनियरिङ्ग अध्ययन संस्थान तर्फ, आ.ब.२०६०/०६१ देखि वन विज्ञान अध्ययन संस्थान तर्फ र आ.ब.२०६४/०६५ देखि कृषि तथा पशु विज्ञान अध्ययन संस्थान तर्फका कार्यक्रमहरू समेत निजीस्तरमा सञ्चालन गर्न सम्बन्धन दिदै आएको देखिन्छ । यहि प्रावधान अनुसार आ.ब. ०७१/०७२ सम्ममा निजी क्षेत्रमा सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या १०८३ पुगिसकेको छ ।

तालिका नं. २.१: त्रि.वि. अन्तर्गतका सम्बन्धन प्राप्त क्याम्पसहरूको विवरण

क्र.सं.	अध्ययन संस्थान र संकायहरू	सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या
१.	चिकित्साशास्त्र अध्ययन संस्थान	१८ (प्यारामेडिकल समेत गरी)
२.	इन्जिनियरिङ्ग अध्ययन संस्थान	१०
३.	कृषि तथा पशु विज्ञान अध्ययन संस्थान	३
४.	वन विज्ञान अध्ययन संस्थान	१
५.	विज्ञान तथा प्रविधि अध्ययन संस्थान	४१
६.	शिक्षाशास्त्र संकाय	६१८
७.	व्यवस्थापन संकाय	५८५
८.	मानविकी तथा सामाजिकशास्त्र संकाय	२५९
९.	कानून संकाय	१
	जम्मा	**१०८३**

स्रोत : त्रिभुवन विश्वविद्यालय, योजना महाशाखा, २०७२

२.२ त्रि.वि.को संक्षिप्त शैक्षिक अवस्था

त्रिभुवन विश्वविद्यालय नेपालको उच्च शिक्षाको क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबैभन्दा ठूलो विश्वविद्यालय हो । देशको पछिल्लो आ.ब. २०७१/२०७२ शैक्षिक तथ्याङ्क अनुसार देशको ८८ प्रतिशतभन्दा बढी उच्च शिक्षाको जिम्मेवारी वहन गरेको देखिन्छ । यस विश्वविद्यालयमा हाल ५ वटा अध्ययन संस्थान, ४ वटा संङ्काय अन्तर्गत ६० वटा आङ्गिक क्याम्पस र १०८३ वटा सम्वन्धन प्राप्त क्याम्पसहरू संचालित छन् र ती क्याम्पसहरूमा स्नातक तहदेखि डीएम, एम सी एच, विद्यावारिधि (पीएच.डी) सम्मका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

आ.ब. २०७१/७२ को शैक्षिक स्थितिलाई अध्ययन गर्दा त्रि.वि. अन्तर्गत कुल विद्यार्थी संख्या ४,३६,७८१ मध्ये आङ्गिक तर्फ १,६९,८६५ (३८.८९%) र सम्वन्धन प्राप्त क्याम्पस तर्फ २,६६,९१६ (६१.११%) विद्यार्थी अध्ययनरत देखिन्छन । यस विश्वविद्यालयमा हाल ७,९६६ जना शिक्षक तथा ७,२३० जना प्रशासनिक एवं प्राविधिक कर्मचारीहरू गरी जम्मा १५,१९६ जनशक्ति कार्यरत छन् । यसबाट त्रि.वि. शिक्षक विद्यार्थी अनुपात झण्डै १:२१ रहेको देखिन्छ (*त्रि.वि. योजना महाशाखा, २०७२*)।

२.३ सम्वन्धन प्रक्रियाको समीक्षा

त्रि.वि.ले निजी क्षेत्रमा सञ्चालन गरिने क्याम्पसहरूलाई सम्बन्धन प्रदान गर्ने सम्बन्धी कानूनी व्यवस्था त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र त्यस अन्तर्गत निर्मित त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा उल्लेख भएको पाइन्छ । त्रि. वि. ऐन, २०४९ को दफा १४ (छ) मा निजी क्षेत्रमा क्याम्पस (महाविद्यालय) स्थापना गर्न कार्यकारी परिषद्ले स्वीकृति दिने र सम्बन्धन प्रदान गर्ने तथा त्यस्तो सम्बन्धन प्राप्त क्याम्पसलाई विश्वविद्यालयले प्रदान गर्ने सुविधा र सहयोग निर्धारण गर्ने एवं मूल्याङ्कनको आधारमा अनुदान दिन सिफारिस गर्ने कार्य क्षेत्र तोकेको छ । ऐन नियमको अधिनमा रही सम्बन्धन प्रदान गर्न त्रि.वि.अन्तर्गतका अध्ययन संस्थान र संकायका डीन कार्यालयहरूले सम्बन्धन सम्बन्धी शर्तहरू र सम्बन्धन निर्देशिका तयार पारी सम्भाव्यता अध्ययन प्रक्रिया अवलम्वन गरेको पाइन्छ । त्रि.वि. उपकुलपति कार्यालय अन्तर्गतको योजना महाशाखाले सम्बन्धन सम्बन्धी आवेदन फाराम र शुल्कसम्बन्धी विवरण तयार गर्ने कार्यमा समन्वयात्मक भूमिका मात्र निर्वाह गर्दै आएको छ ।

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को परिच्छेद ८८ मा इञ्जिनीयरिङ्ग, चिकित्साशास्त्र, कृषि तथा पशु विज्ञान र वन विज्ञान अध्ययन संस्थानअन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धन दिएका क्याम्पसहरूलाई २ वर्षको अस्थायी सम्बन्धन दिने व्यवस्था छ । अस्थायी सम्बन्धन समाप्त हुनु भन्दा ६ महिना अगाडी स्थायी सम्बन्धनको प्रक्रिया शुरु गरी स्थायी सम्बन्धन दिइने व्यवस्था छ । यसैगरी सम्बन्धन प्राप्त क्याम्पसले शर्त पुरा नगरेको अवस्थामा सम्बन्धन स्थगन वा खारेज समेत हुने प्रावधान छ ।

तर संकायहरू र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत सम्बन्धन दिने प्रक्रियाबारे त्रि.वि. नियममा कहींकतै उल्लेख गरिएको देखिंदैन । तथापि संकायहरू र विज्ञान तथा प्रविधि अध्ययन संस्थानले ठूलो संख्यामा सम्बन्धन दिइ सकेको देखिन्छ । सम्बन्धन प्राप्त क्याम्पसहरूको नियमित अनुगमन, स्थायी सम्बन्धन र सम्बन्धन स्थगन एवं खारेजी जस्ता कार्य भने हुन सकेको देखिदैंन । तर पनि विभिन्न अध्ययन संस्थान तथा संकाय अन्तर्गत निजी क्षेत्रमा क्याम्पस स्थापना गर्ने मागहरू अझै पनि आइरहेका देखिन्छन् । यही प्रवृत्तिमा निजी क्याम्पसहरूको संख्या बढदै जाने हो भने त्रि.वि.का आङ्गिक क्याम्पसहरूलाई कस्तो प्रभाव पर्दछ ? उच्च शिक्षाको गुणस्तर कस्तो हुने ? परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा कस्ता-कस्ता कठिनाईहरू पर्न जालान् ? ती निजी क्याम्पसहरूको नियमित अनुगमन कसरी गर्ने ? सम्वन्धन प्राप्त क्याम्पसहरूले सम्झौतामा उल्लेख भएका शर्तहरूको प्रभावकारी कार्यान्वयन भए नभएको भनी नियमितता कसरी मापन गर्ने ? र मापदण्ड विपरित चलेका क्याम्पसहरूलाई तोकिएको दायरा भित्र कसरी ल्याउने ? भन्ने जस्ता चुनौतिहरू त्रि. वि. सामु देखिन्छन । त्यस्तै कुनै दीर्घकालीन सोच नै नराखी धमाधम सम्बन्धन दिंदा गुणस्तरीय शिक्षामा समेत कस्तो असर पर्दछ भन्ने कुरातर्फ ध्यान दिन जरुरी देखिंन्छ । निजी क्याम्पसहरूमा कार्यरत जनशक्ति, भवन, खेलकुद, आधुनिक सूचना प्रविधि आदिको आवश्यक व्यवस्था गरेको छ छैन भन्ने कुराको अध्ययन गरेको पाईंदैन । साथै इन्जिनीयरिंग अध्ययन संस्थान बाहेक अन्य अध्ययन संस्थान तथा सबै संकायहरूले सम्बन्धन सम्बन्धी ठोस Norms & Standards तयार गरेको देखिदैन । तसर्थ त्यसबारेमा विस्तृत तथा ठोस Norms & Standards सम्बन्धी निर्देशिका तयार गरी त्रि.वि.कार्यकारी परिषदवाट स्वीकृत गराई सम्वन्धित अध्ययन संस्थान र संकायले कार्यान्वयन गर्न जरुरी देखिन्छ ।

शिक्षा क्षेत्रमा कुन अध्ययन संस्थान/संकाय अन्तर्गत कति जनशक्तिको उत्पादन गर्ने र सो को प्रयोग कसरी गर्ने भन्ने स्पष्ट राष्ट्रिय जनशक्तिको योजनाको अभावले गर्दा शिक्षा क्षेत्रमा विकृति र विसंगती बढ्दै जानुका साथै वेरोजगारी समेत वढदै गएको देखिन्छ । यसले गर्दा शिक्षा क्षेत्रमा गुणस्तरीय जनशक्ति उत्पादनमा कठिनाइ सिर्जना भएकोले उच्च शिक्षामा एक ठोस राष्ट्रिय नीति तर्जुमा हुनु आवश्यक छ ।

२.४ सेवा शुल्क सम्बन्धी व्यवस्था

निजी क्षेत्रमा स्थापना भएका सबै क्याम्पसहरूले त्रि.वि.लाई वुझाउनु पर्ने विविध शुल्कहरू यथासमयमा वुझाएको देखिंदैन । कतिपय क्याम्पसहरूले वुझाएका ती शुल्कहरू के कति कुन क्षेत्रमा उपयोग गर्ने भन्ने बारे त्रि.वि.को स्पष्ट नीति पनि देखिदैन । त्रि.वि.को केन्द्रीय लेखा शाखामा हेर्दा सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्झौता बमोजिम त्रि.वि.लाई बुझाउनु पर्ने प्रति विद्यार्थी प्रति वर्ष एक महिनाको शुल्क बराबर बुझाउनु पर्ने सेवा शुल्कको नियमितता र एकरुपता देखिंदैन । यस्ले गर्दा त्रि.वि.ले आफ्नो आम्दानीको ठूलो हिस्सा गुमाएको हुंदा हालसम्म सेवा शुल्क भुक्तानी गर्न वांकी रहेको कलेजहरुको सूची तयार गरी वांकी वक्यौता रकम असुल उपर गर्नेतर्फ यथाशिध्र पहल गर्नु पर्ने देखिन्छ । त्यस्तै अस्थायी सम्बन्धन पाएका क्याम्पसहरूलाई त्रि.बि.को नियमानुसार स्थायी सम्बन्धन दिनका लागि खासै पहल गरेको पनि पाईंदैन । अतः त्यस्ता क्याम्पसको अनुगमन गरी

सम्बन्धन नवीकरण तथा स्थायी सम्बन्धन दिने नदिने विषयमा निर्णय गर्न जरुरी देखिंन्छ । जसले गर्दा शुल्क सम्बन्धमा निम्नवमोजिमको व्यवस्था गर्नु पर्ने देखिन्छ :

१. त्रि.वि.ले सम्बन्धन प्राप्त क्याम्पसहरूबाट प्रति बर्ष प्रति विद्यार्थी सेवा शुल्क र सम्बन्धन शुल्क लिने व्यवस्था छ । तर सबै नीजि तथा सामुदायिक क्याम्पसहरूबाट उक्त शुल्क लिन सकेको छैन । केही सम्बन्धन प्राप्त क्याम्पसहरूबाट प्राप्त भएको शुल्कको पनि पारदर्शी रुपमा व्यवस्थापन गर्नको लागि स्पष्ट नीति समेत नहुँदा सम्बन्धन प्राप्त क्याम्पसहरूबाट सम्बन्धन तथा सेवा शुल्क भने बमोजिम संकलन र प्रयोग हुन सकेको देखिदैन । यसबाट त्रि.वि.ले आर्जन गर्ने सम्भाव्य आय स्रोतमा कमि भएको देखिन्छ । त्रि.वि.ले यस्ता आय स्रोतलाई व्यवस्थित गरी त्रि.वि. कोष वलियो वनाउन आवश्यक देखिन्छ ।

२. सम्भाव्यता अध्ययनका लागि लिइने शुल्कहरू विभिन्न संकायहरू र अध्ययन संस्थानहरूमा फरक फरक रहेको देखिन्छ । त्यसलाई विषय र कार्यक्रमको प्रकृति हेरी पारदर्शी रुपमा व्यवस्थित गर्नु पर्ने आवश्यकता छ ।

३. निजी क्षेत्रका क्याम्पसहरूलाई सम्बन्धन दिंदा सम्बन्धित डीन कार्यालयले सम्बन्धन शुल्क वापत निश्चित रकम लिने गरेको पाइन्छ । त्यो रकम संकाय र अध्ययन संस्थानहरूमा फरक फरक रहेकोछ । संकायहरुबाट उठेको केही रकम मध्ये २५ प्रतिशत रकम निबृत्तिभरण कोषमा पठाउने गरिएको देखिए पनि अध्ययन संस्थानहरूबाट सो रकम हालसम्म त्रि.वि.मा पठाइएको देखिदैन । अतः सो रकम अनिवार्य रुपमा त्रि.वि.कोषमा जम्मा गरी त्यसको ५० प्रतिशत निवृत्तिभरण कोषमा दाखिला गर्न सबै अध्ययन संस्थान तथा संकायका डीनहरूलाई निर्देशन गर्नु पर्ने देखिन्छ ।

२.५ भौगोलिक एवं क्षेत्रीय सन्तुलनको स्थिति

क्षेत्रिय एवं भौगोलिक आधारमा त्रि.वि. ले आफ्ना अध्ययन संस्थान तथा संकाय अन्तगर्तका कार्यक्रमहरू निजी क्षेत्रमा संचालन गर्नका लागि प्रदान गरेको सम्बन्धन प्राप्त क्याम्पसहरुको वर्तमान स्थिति तलको तालिकामा उल्लेख गरिएको छ:

तालिका नं. २.२: संघीय प्रदेशअनुसार आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुको स्थिति

संघीय प्रदेश	आङ्गिक क्याम्पस	सम्बन्धन प्राप्त क्याम्पस
१	११	१४७
२	५	९५
३	२५	४३९
४	७	१२३
५	७	१४३
६	२	४९
७	३	८७
जम्मा	**६०**	**१०८३**



तालिका नं. २.३: संघीय प्रदेशअनुसार प्राविधिक र अप्राविधिक सम्बन्धन प्राप्त क्याम्पसहरुको स्थिति

संघीय प्रदेश नं.	सम्बन्धन प्राप्त क्याम्पस	अप्राविधिक	प्राविधिक
१	१४७	१४५	२
२	९५	९०	५
३	४३९	४२०	१९
४	१२३	१२२	१
५	१४३	१४२	१
६	४९	४९	०
७	८७	८७	०
जम्मा	**१०८३**	**१०५५**	**२८**



तालिका नं. २.४: संघीय प्रदेशअनुसार संस्थान/संकायगत सम्बन्धन प्राप्त क्याम्पसहरुको स्थिति

संघीय प्रदेश	जम्मा क्याम्पसहरु	अप्राविधिक					प्राविधिक			
		मानविकी	विज्ञान	व्यवस्थापन	शिक्षा	कानुन	इन्जिनीयरिङ	चिकित्साशास्त्र	वन विज्ञान	कृषि
१	१४७	४०	१४	१०२	८२		०	२		
२	९५	२४	५	५९	६४		०	५		
३	४३९	१६७	५१	३४२	१४८	१	१०	८	१	
४	१२३	३८	६	१०१	७८		०	१		
५	१४३	३४	१०	९७	९४		०	१		२
६	४९	९	१	२१	२७		०	०		
७	८७	३३	६	६५	६८		०	०		१
जम्मा	१०८३	३४५	९३	७८७	५६१	१	१०	१७	१	३

क्षेत्रिय एवं भौगोलिक आधारमा त्रि.वि. ले आफ्ना अध्ययन संस्थान तथा संकाय अन्तगर्तका कार्यक्रमहरू निजी क्षेत्रमा संचालन गर्नका लागि प्रदान गरेको सम्बधन प्राप्त क्याम्पसहरुको स्थिति हेर्दा क्षेत्रीय एवं भौगोलिक सन्तुलन देखिदैन । उदाहरणका लागि प्राविधिक उच्च शिक्षा तर्फको सम्बन्धन प्राप्तमा संचालित क्याम्पसहरूको अनुपात हेर्दा ईन्जिनीयरिङ्ग र वनतर्फका प्राविधिक क्याम्पसहरु प्रदेश नं. ३ मा मात्र देखिन्छन भने प्रदेश नं ६ मा कुनै पनि प्राविधिक क्याम्पस छैनन् । त्यसै गरी प्रदेश नं. ४ र ७ मा एक/एक मात्र प्राविधिक क्याम्पस रहेका छन् र प्रदेश नं. १,२ र ५ मा क्रमशः २, ५ र ३ प्राविधिक क्याम्पसहरू रहेको देखिन्छ । यो तालिकालाई अध्ययन गर्दा प्राविधिक क्याम्पसहरुमा प्रादेशिक सन्तुलन मिलेको देखिदैन ।

यसैगरी संकायहरु र विज्ञान तथा प्रविधि अध्ययन सस्थानतर्फ प्रदेश नं. १ मा १४७, प्रदेश नं. २ मा ९५, प्रदेश नं. ३ मा ४३९, प्रदेश नं. ४ मा १२३, प्रदेश नं. ५ मा १४३, प्रदेश नं. ६ मा ४९ र प्रदेश नं. ७ मा ८७ वटा सम्बन्धन प्राप्त क्याम्पसहरु सञ्चालन भएको देखिन्छ । यसरी हालसम्म त्रि.वि. बाट सञ्चालन भएका क्याम्पसहरू मध्ये प्राविधिक र अप्राविधिक सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुपात र संघिय प्रदेशमा स्थापना भएका समग्र सम्बन्धन प्राप्त क्याम्पसहरूको वितरण अवस्था हेर्दा दुवै तर्फ असन्तुलन देखिन्छ । यसबाट देशको प्राविधिक उच्च शिक्षाको विकास र विस्तार संघिय प्रदेशको आधारमा भौगोलिक र जनघनत्वलाई समेत महत्व दिई सन्तुलन मिलाउन आवश्यक छ ।

विगत केही वर्षदेखि विद्यार्थी भर्नाको प्रवृतिलाई हेर्दा त्रि.वि.अन्तर्गतका आङ्गिक क्याम्पसहरूमा विद्यार्थीको संख्या घट्दो छ । यसले गर्दा त्रि.वि. का आङ्गिक क्याम्पसहरुमा प्राविधिक बाहेक अन्य संकायका क्याम्पसहरू विद्यार्थी विहीन हुन पुग्ने हुन कि भन्ने डर लाग्दो स्थिति देखा पर्ने देखिन्छ । त्यसैले अव उप्रान्त त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरु र सम्बन्धन प्राप्त क्याम्पसहरुमा संचालित शैक्षिक कार्यक्रमहरुलाई कुनै असर पर्ने गरी नयाँ सम्बन्धन दिन उचित देखिदैन ।

विभिन्न आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुको शैक्षिक वर्ष २०६९-७० को परीक्षा नतिजा लाई तलको तालिकामा राखिएको छ ।

तालिका नं. २.५: त्रिभुवन विश्वविद्यालयको परीक्षा नतिजा

(क) सम्बन्धन प्राप्त प्राविधिक क्याम्पसहरु

चिकित्सा

Students Output
Medicine (2069/070)

Program	Appeared	Passed	Pass %
Constituent			
Certificate	272	263	96.69
Bachelor	189	156	82.54
Master	133	114	85.71
Affiliated			
Bachelor	1464	764	52.19
Master	17	14	82.35

कृषि

Students Output
Agriculture & Animal Sc. (2069/070)

Program	Appeared	Passed	Pass %
Constituent			
B.Sc. Ag.	251	246	98.01
B.V.Sc.	34	31	91.18
Master	100	97	97.00
Ph.D.	2	2	100.00
Affiliated			
B.Sc. Ag.	21	15	71.43

वन

Students Output
Forestry (2069/070)

Program	Appeared	Passed	Pass %
Constituent			
Bachelor	58	58	100.00
Master	28	26	92.86
Ph.D.	2	2	100.00
Affiliated			
Bachelor	40	38	95.00

ईन्जिनीयरिंग

Students Output
Engineering (2069/070)

Program	Appeared	Passed	Pass %
Constituent			
Certificate	842	554	65.80
Bachelor	577	467	80.94
Master	182	113	62.09
Affiliated			
Bachelor	1,268	622	49.05

कानून

Students Output
Law (2069/070)

Program	Appeared	Passed	Pass %
Bachelor	923	477	51.68
Master	72	47	65.28
Ph.D.	55 (Enrolled)	2 (Completed)	53 (to be completed)

विज्ञान तथा प्रविधि

Students Output
Science & Technology (2069/070)

Program	Appeared	Passed	Pass %
Certificate	2398	929	38.74
B.Sc.	4450	2,849	64.02
B. Tech. (Food)	75	26	34.67
B.Tech.	91	72	79.12
Master	2003	993	45.59
Ph.D.	138 (Enrolled)	9 (Completed)	129 (to be completed)

व्यवस्थापन

Students Output
Management (2069/070)

Program	Appeared	Passed	Pass %
Certificate	3971	1504	37.87
Bachelor	33006	13547	41.74
MPA	959	288	30.03
MBS	8687	3428	39.46
M.Phil.	28	28	100.00

व्यवस्थापन

Students Output
Management (2069/070)

Program	Appeared	Passed	Pass %
PG Police Science	41	41	100.00
BBA	952	926	97.27
BIM	254	249	94.49
BTTM	136	135	99.26
BHM	78	78	100.00
Ph.D.	111 (Enrolled)	7 (Completed)	104 (to be completed)

मानविकी तथा सामाजिक

Students Output
Humanities & Social Sc. (2069/070)

Program	Appeared	Passed	Pass %
Certificate	11,903	4,654	39.18
Bachelor	20,341	8,491	41.74
Master	14,986	6,471	43.18
M.Phil.	157	100	63.69
Ph.D.	762 (Enrolled)	43 (Completed)	719 (to be completed)
Others (Non-credits)	1936	1028	53.09

शिक्षाशास्त्र

Students Output
Education (2069/070)

Program	Appeared	Passed	Pass %
Certificate	8,326	2,798	33.61
Bachelor	47,995	21,073	36.34
Master	15,881	5,272	33.20
M.Phil.	29	12	41.38
Ph.D.	11 (Enrolled)	2 (Completed)	9 (to be completed)

स्रोत : त्रिभुवन विश्वविद्यालय, योजना महाशाखा, २०७२

उक्त तालिकाहरुलाई विश्लेषण गर्दा भर्ना प्रक्रिया र विद्यार्थीको नतिजाको प्रतिशतलाई हेर्दा प्राविधिक तर्फ र व्यवस्थापनको सेमेष्टरअन्तर्गत संचालन भएका शैक्षिक कार्यक्रमहरुमा उत्कृष्टता कायम भएकोछ भने अन्य संकायतर्फको नतिजा सोचनीय स्थितिमा रहेको देखिन्छ ।

२.६ सम्बन्धनसम्बन्धी व्यवस्थापकीय समस्याहरू

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को परिच्छेद-८८ नियम ३८२ मा कार्यकारी परिषद्ले जुनसकै समयमा सम्बन्धन प्राप्त क्याम्पसको निरीक्षण गर्न गराउन सक्ने भन्ने कुरा उल्लेख गरिएको छ । तर निजी क्षेत्रमा क्याम्पसहरू सञ्चालन गर्न सम्बन्धन दिइ सकेपछि ती क्याम्पसहरूद्वारा पूरा गर्नुपर्ने शर्तहरू पुरा गरेका छन् वा छैनन् ? त्रि.वि. का नियमहरू पालना भएको छ वा छैन ? क्याम्पसहरू नियमित रुपमा सञ्चालन भैरहेका छन् वा छैनन् ? यस सम्बन्धी वस्तुगत जानकारी प्राप्त गर्ने र प्राप्त जानकारीको आधारमा आवश्यक काम कार्यवाही अघि बढाउने उद्देश्यले गर्नुपर्ने अनुगमन सम्बन्धी नीति भएतापनि त्यसको कार्यान्वयन पक्ष कमजोर देखिन्छ ।

त्यस्तै सोही परिच्छेदको नियम ३८३ मा सम्बन्धित डीनले अस्थायी सम्बन्धन प्राप्त गरेका क्याम्पसको अस्थायी सम्बन्धन अवधि समाप्त हुनु अघि कम्तीमा ६ (छ) महिना र स्थायी सम्बन्धन प्राप्त गरेका क्याम्पसको कम्तीमा २ (दुई) वर्षमा एकपटक स्थलगत अध्ययन गराई सो को प्रतिवेदन विद्यापरिषद्को सिफारिस सहित कार्यकारी परिषद्मा प्रस्तुत गर्नुपर्ने कुरा उल्लेख छ । यसका साथै परिच्छेद ४९ को नियम १७९ मा सम्बन्धित डीनहरूको काम, कर्तव्य र अधिकारमा सम्बन्धन प्राप्त

क्याम्पसको शैक्षिकस्तर कायम गराउन आवश्यक निरीक्षण एवं निर्देशन दिने कुरा समेत स्पष्ट उल्लेख गरिएको छ । तर सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन गर्ने नीतिगत प्रावधानको स्पष्ट व्यवस्था भएको देखिदैन जस्ले गर्दा नियमित अनुगमन हुन सकेको पाईदैन ।

व्यवस्थित नगरी सम्बन्धन प्राप्त क्याम्पसहरुको तिब्र वृद्धिका कारण गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी बोकेका अध्ययन संस्थान/संकायहरूले प्रभावकारी ढंगबाट अनुगमन र मूल्याङ्कन गर्न समेत सकिरहेको छैनन् जसले गर्दा गुणस्तरिय जनशक्ति उत्पादन हुन नसकि राष्ट्रको समग्र क्षेत्रमा आवश्यक जनशक्तिको उत्पादनमा समेत नकारात्मक असर पर्न गएको देखिन्छ । मापदण्ड अनुसार क्याम्पस सञ्चालन नगर्ने सम्बन्धन प्राप्त क्याम्पसहरूलाई नसिहत दिने वा सम्वन्धन खारेज गर्ने व्यवस्था भएता पनि यसलाई त्रि.वि.ले कार्यान्वयनमा ल्याउन नसकेको कुरा कटु सत्य रहेको छ ।

त्रि.वि. मा सम्बन्धन प्राप्त क्याम्पसहरूको व्यवस्थापन सम्बन्धमा देखिएका समस्याहरू र सरोकारवाला वर्गले देखाउने कमजोरीहरू मध्ये त्रि.वि.ले नियमित अनुगमन गर्न नसक्नु प्रमुख समस्या हो । तसर्थ निजी क्षेत्रमा सञ्चालित १,०८३ सम्बन्धन प्राप्त क्याम्पसहरूको नियमित र प्रभावकारी अनुगमन गरी ती क्याम्पसहरूको व्यवस्थापकीय पक्षलाई चुस्तदुरुस्त बनाउनु त्रि.वि. को लागि एक चुनौतिको विषय बन्न पुगेको छ । त्रि.वि.ले सम्बन्धन दिंदा स्पष्ट मापदण्ड नअपनाइ हचुवाको भरमा सम्बन्धन दिने गरेको आमधारणा पाइयो । त्यसबारेमा त्रि.वि.अनुगमन समितिका पदाधिकारीहरूसंग अर्न्तक्रिया गर्दा अनुगमन समितिले सो कामको लागि बजेटको व्यवस्था नभएको र त्यस सम्बन्धमा कुनै खासै योजना नवनाएको अवस्था देखिन्छ । हालसम्म अनुगमन समितिले केवल कुनै क्याम्पसमा कुनै समस्या देखा पर्‍यो भने केन्द्रीय पदाधिकारीहरूको निर्देशन तथा डीन कार्यालयको अनुरोधमा त्यस्ता क्याम्पसको अनुगमन गरी प्रतिवेदन पेश गर्ने मात्र देखिन्छ । यसका साथै अनुगमन समितिले स्थलगत अनुगमन गरे पश्चात पेश गरेका सुझावहरूको त्रि.वि. ले कार्यान्वयन समेत नगर्ने परम्पराले अनुगमन प्रभावकारी हुन सकेको पाइदैन ।

त्रि.वि.को क्याम्पस सम्बन्धन सम्बन्धमा नेपाल प्राध्यापक संघ, त्रि.वि. प्राध्यापक संघ, त्रि.वि. कर्मचारी संघ, वैचारिक प्राध्यापक तथा कर्मचारी संघ संगठनका प्रतिनिधिहरूसंघको अन्तरक्रियामा पनि हरेक बर्ष सम्बन्धन प्राप्त क्याम्पसको नियमित अनुगमन गर्ने, मापदण्ड विपरित सञ्चालित निजी तथा सामुदायिक क्याम्पसहरूलाई कारवाही गर्ने, सम्बन्धन सम्झौता पत्रमा उल्लेखित शर्तहरू पालना नगर्ने क्याम्पसलाई केही समय ती शर्तहरू पालना गर्नका लागि सचेत गराउनु पर्ने र यसका साथै कुनै पनि शैक्षिक संस्थाले सम्बन्धन प्राप्त गरिसकेपछि क्याम्पस संचालन गरेको ६ महिनाभित्र उक्त क्याम्पसको प्रारम्भिक अनुगमन गर्नु पर्दछ भन्ने धारणा प्राप्त भएको थियो । त्यसैगरी शर्त पालना गरेको नपाईएमा केही समय अवधि थप गरी पुनः अनुगमन गर्नु पर्ने र दोश्रो पटकको अनुगमनमा पनि शर्त पालना नगरेको खण्डमा कारवाही गरी सो को राष्ट्रियस्तरको पत्रिकाको माध्यमबाट सर्वसाधारणलाई जानकारी गराउने व्यवस्था गर्नु पर्दछ भन्ने धारणा रहेको पाइयो । अतः त्रि.वि.ले सम्बन्धन प्राप्त क्याम्पसहरूको वृहत अनुगमन गरी अनिवार्यरुपले शर्त पालना लगायत व्यवस्थापकीय पक्षमा सुधार गर्न लगाउनु पर्ने देखिन्छ ।

विगतको प्रवृत्तिलाई अध्ययन गर्दा त्रि.वि.वाट सम्वन्धन लिने चाहना जतातै द्रुत गतिमा वढेकोले नयाँ सम्वन्धन हरेक वर्ष थपिंदै गएको देखिन्छ । तर सम्बन्धन प्रक्रिया योजनावद्ध र व्यवस्थित रुपमा नभएकोले आर्थिक रुपले विपन्न समुदाय र भौगोलिक रुपले दुर्गम एवं विकट क्षेत्रका बासिन्दाहरूको आवश्यकता अनुरुप उच्चशिक्षामा पहुंच पुग्न सकिरहेको दैखिदैन । त्रि.वि. नियमावलीमा आर्थिक रुपले पछाडी परेका क्षेत्रका विद्यार्थीहरूका लागि सम्बन्धन प्राप्त क्याम्पसहरूमा विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गरिएको भएतापनि लक्षित समुहका विद्यार्थीहरूले सो सुविधा प्राप्त गर्न सकिरहेका छैनन् । अधिकांश सम्वन्धन प्राप्त क्याम्पसहरूले

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा गुणस्तरिय शिक्षा समेत प्रदान गर्न सकेको देखिंदैन । उच्च शिक्षामा राष्ट्रिय आवश्यकता, वजार माग, लगानी, उत्पादन र प्राज्ञिक कार्यकुशलताका विच सामान्जस्यता कायम हुन नसक्दा उच्च शिक्षा प्रदायक संस्थाहरू खोल्न र संचालन गर्ने काममा अस्वस्थकर प्रतिस्पर्धा वढ्दो अवस्थामा रहेको देखिन्छ । व्यावहारिक शिक्षा पद्धतिको अभावमा मुलुकमा एकातिर दक्षजनशक्तिको अभाव छ भने अर्कोतर्फ शैक्षिक वेरोजगारको समस्या वढ्दो छ ।

गुणस्तरीय शिक्षा प्रदान गर्न र राष्ट्रिय आवश्यकता पुरा गर्न सम्बन्धन प्राप्त क्याम्पसहरूको व्यवस्थापकीय क्षेत्रमा विद्यमान समस्यालाई सम्वोधन गर्नको लागि त्रिभुवन विश्वविद्यालयमा त्यस सम्बन्धमा ठोस कार्य नीतिको आवश्यकता देखिन्छ । त्यसैले विभिन्न संकायहरू एवं अध्ययन संस्थानअन्तर्गतका निजी क्षेत्रमा संचालित क्याम्पसहरूलाई सम्बन्धन प्रदान गर्न अनुगमनलाई प्राथमिकतामा राखी भौगोलिक सन्तुलन र जनसंख्याको अनुपातको आधारमा मात्र सम्वन्धन प्रक्रिया अगाडी वढाउन उपयुक्त देखिन्छ । आगामी दिनहरूमा प्रभावकारी अनुगमन विना सम्वन्धन दिने कार्य पूर्ण रुपमा रोक्नु पर्ने देखिन्छ ।

त्रि.वि.ले विभिन्न अध्ययन संस्थान/संकायहरूको प्राज्ञिक नियन्त्रणमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गरी निजी क्षेत्रका क्याम्पसहरूलाई सम्वन्धन दिएको पाइन्छ । तर सम्वन्धन दिएका सवै क्याम्पसहरूमा विद्यार्थीको संख्या, भौगोलिक दुरी, आवश्यकता आदिलाई आधार वनाएको पाइदैन । यसरी नै सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या बृद्धि गर्दै जाने हो भने आङ्गिक क्याम्पसहरूमा विद्यार्थीहरूको संख्या घटदै जाने र कतिपय सम्बन्धन प्राप्त क्याम्पसहरू समेत बन्द हुने स्थिति आउने खतरा देखिन्छ । यस्तो स्थितिबाट बच्न पायक र पहुँच योग्य इलाकामा अवस्थित क्याम्पसहरूको आपसि सल्लाह, समन्वय र समझदारीमा क्याम्पस समायोजन गर्नुपर्ने अवस्था देखिन्छ । तसर्थ त्रि.वि.ले समायोजनको नीति तर्जुमा गरी यथाशिध्र कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

निजी क्षेत्रमा क्याम्पसहरू सञ्चालन गर्न अस्थायी सम्बन्धन प्रदान गर्ने सम्झौता र अन्य प्रावधान अनुसार प्रत्येक विषयमा तोकिएको मापदण्ड अनुसार विषय शिक्षक पूर्णकालीन रुपमा नियुक्ति गर्नुपर्ने उल्लेख गरिएकोछ तर व्यवहारमा हेर्दा अधिकांश सम्बन्धन प्राप्त क्याम्पसहरूले त्रि.वि. सेवाका लागि तोकिएको मापदण्ड बमोजिम शिक्षक कर्मचारी व्यवस्थापन गरेको पाइदैन । तसर्थ त्रि.वि.ले सेवा प्रवेश र पदोन्नतिमा अपनाइने आधारहरू: शैक्षिक योग्यता, कार्य अनुभव, अनुसन्धान, कृति प्रकाशन आदि प्रावधानहरुलाई पनि सम्बन्धन प्राप्त क्याम्पसहरूले अनिवार्य रुपमा लागु गर्नु पर्ने देखिन्छ । यसका लागि सम्बन्धन सम्झौता पत्रमा शर्तको रुपमा राख्ने नीतिगत व्यवस्था हुन जरुरी छ । यसका निमित्त त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० मा समेत यसको उल्लेख हुन आवश्यक छ ।

२.७ निष्कर्ष

त्रि.वि.ले सम्बन्धन प्रदान गर्ने प्रचलित विधि, प्रक्रिया एवं सम्बन्धन प्राप्त क्याम्पसहरूको सञ्चालन सम्बन्धी उपलब्ध दस्तावेजको अध्ययन तथा सरोकारवालाहरूसंगको छलफल पश्चात् निस्केका निष्कर्षहरु देहायका वमोजिम छन्:

१. निजी क्षेत्रमा सञ्चालन हुने क्याम्पसहरूलाई सम्बन्धन दिने कार्यमा संलग्न निकायहरूमध्ये सम्बन्धित डीन कार्यालयहरू बढी सक्रिय देखिन्छन् । योजना महाशाखाले सहजिकरणको भूमिका मात्र निर्वाह गरिरहेको देखिन्छ र यस महाशाखाले सम्बन्धन प्राप्त सबै क्याम्पसहरूको आवश्यक अभिलेख व्यवस्थित गर्न सकेको देखिंदैन । सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या र ती क्याम्पसहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको अनुपातका आधारमा सम्बन्धन सम्बन्धी

आवश्यक कार्य सम्पादन गर्न मौजुदा योजना महाशाखालाई अभिवृद्धि गरी मानव संशाधनयुक्त निर्देशनालय वनाउनु आवश्यक देखिन्छ ।

२. निजी क्षेत्रमा सम्बन्धन प्राप्त क्याम्पस स्थापना गर्नका लागि नयाँ सम्बन्धन दिने कार्यलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा त्रि.वि.मा स्पष्ट कार्य नीति भएको देखिदैन । हालसम्म त्रि.वि.ले प्रदान गरेको सम्बन्धनको प्रवृत्ति हेर्दा शिक्षाशास्त्र संकाय, मानविकी तथा सामाजिकशास्त्र संकाय, व्यवस्थापन संकायहरूको निजी क्षेत्रमा सञ्चालन गरेका कार्यक्रमहरू बढी भएको पाइन्छ । यी कार्यक्रमहरूमा सम्बन्धन दिंदा, जनसंख्याको आधारमा ग्रामीण, शहरी क्षेत्र, प्रादेशिक भौगोलिक सन्तुलन जस्ता पक्षहरूको आधारमा भन्दा पनि राजनैतिक दवाव र स्थानीय मागका आधारमा मात्र सम्बन्धन दिने गरेको जस्तो देखिन्छ । यसरी योजना विहीन रुपमा सम्बन्धन प्रदान गरेको कारणले सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन गर्न कठिन छ भने मानविकी संकाय अन्तर्गत आङ्गिक क्याम्पसमा विद्यार्थीहरूको संख्या अत्यन्त न्यून हुन गई वन्द हुने अवस्था आएको र व्यवस्थापन संकायका अधिकांश क्याम्पसहरू शहर केन्द्रित रहेकोले ग्रामीण एवं दुरदराजमा पहुँच पुग्न सकेको छैन ।

३. त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० मा विभिन्न संकायहरू र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत सम्बन्धन दिने प्रक्रियाको बारेमा स्पष्ट उल्लेख भएको देखिँदैन । सम्बन्धन दिने कार्यमा सम्बन्धित संकायको विद्यापरिषद स्थायी समिति र कार्यकारी परिषद संलग्न भएका छन्, जसलाई सम्बन्धित निकायहरूको संलग्नताको दृष्टिकोणले उपयुक्त मान्न सकिन्छ भने व्यवस्थापन संकायले सम्बन्धन आवेदन फारम वितरण गर्नु पूर्व आसय पत्र (Expression of Interest) लिने गरेको देखिन्छ । त्यसैगरी शिक्षाशास्त्र संकायले विशेषज्ञ टोलीलाई सम्भाव्यता अध्ययन गर्न पठाउनु भन्दा अगाडि विशेषज्ञहरूलाई अभीमुखीकरण गरेको पाइन्छ । यसरी व्यावहारिक रुपमा सम्बन्धनको सम्बन्धमा उपर्युक्त कार्य गरेको भएपनि नियममा कुनै व्यवस्था नभएको हुनाले यी कुराहरूलाई समेत नियममा समावेश गरी व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

४. त्रि.वि.संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० मा सम्बन्धन प्राप्त क्याम्पसहरू अस्थायी र स्थायी गरी दुई प्रकारका हुने प्रावधान रहेको छ । तर हालसम्म कुनै पनि सम्बन्धन प्राप्त क्याम्पसले स्थायी सम्बन्धन प्राप्त गरेको देखिदैन । वि.सं. २०३७/३८ देखि सम्बन्धन पाएका र हालसालै सम्बन्धन पाएका क्याम्पसहरूलाई एउटै श्रेणीमा राखिएको छ । त्रि.वि. नियममा अस्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूलाई तोकिएको अवधि समाप्त भएपछि नवीकरण गर्नु पर्ने प्रावधान राखिएको भएतापनि व्यवहारमा लागु गर्न सकिरहेको देखिंदैन ।

५. सम्बन्धन प्राप्त क्याम्पसहरूले गरेको सम्झौता पत्रमा उल्लेख भएका शर्तहरू र सम्बन्धित डीन कार्यालयहरूले तयार गरेका शर्तहरू अनुसार कतिपय क्याम्पसहरूले पूरा गरे नगरेको बारेमा अनुगमन हुन सकेको छैन जसको कारण नियम विपरित क्याम्पस संचालन भएको उजुरी समेत परेको देखिन्छ । त्यसैले अनुगमन गर्ने निकायलाई प्रभावकारी वनाई नियमित अनुगमन तथा मूल्यांकन गरी क्याम्पसहरूलाई प्रोत्साहित र निरुत्साहित गर्ने परिपार्टी निर्माण गर्न आवश्यक देखिन्छ ।

६. सम्बन्धन प्राप्त गर्दाका वखत सम्झौतामा उल्लेखित शर्तहरू पूरा नगरेका र त्रि.वि. नियम विपरित सञ्चालनमा रहेका सम्बन्धन प्राप्त क्याम्पसहरूको सम्बन्धन स्थगन र खारेजी गर्ने व्यवस्था त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५०मा व्यवस्था गरेको भएतापनि सो नियम कार्यान्वयन हुन सकेको देखिंदैन । एकपटक सम्बन्धन प्राप्त गरिसकेपछि शर्तहरूको पालनालाई वेवास्ता गरेपनि हुने र नियम विपरित सञ्चालन भएका

क्याम्पसहरूलाई कारवाही नभएको कारणले गर्दा निजी क्षेत्रमा नयाँ क्याम्पस स्थापना गर्ने सम्बन्धमा माग बढेको हो कि भन्ने देखिन्छ ।

७. विद्यार्थी र अभिभावकहरूलाई आकर्षित गर्ने उद्देश्यले सम्बन्धन प्राप्त क्याम्पसहरूले विदेशी नाम राखेर क्याम्पस सञ्चालन गर्ने प्रवृत्ति बढेको देखिएको छ जसले गर्दा शिक्षाको गुणस्तरमा ह्रास आउने र नेपाली मौलिकताको अवमूल्यन हुने खतरा देखिएकोले त्यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति अवलम्वन गर्नु पर्ने देखिन्छ ।

८. निजी क्षेत्रमा सञ्चालन भइरहेका सम्बन्धन प्राप्त कतिपय क्याम्पसहरूबाट समय समयमा स्थान परिवर्तनका लागि सम्बन्धित डीनको कार्यालयहरूमा आवेदनहरू परेको देखिन्छ । स्थान परिवर्तनले नयाँ स्थानमा क्याम्पस स्थानान्तर गर्दा उक्त क्षेत्रमा सञ्चालित अन्य क्याम्पसहरूलाई असर पर्ने हुन्छ । विशेष अवस्थामा स्थान परिवर्तन गर्न चाहने क्याम्पसको आफ्नो जग्गा र भवन सो स्थानमा भएमा मात्र स्थान परिर्वतन हुने प्रावधान रहेको पनि छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

९. शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या बृद्धि हुँदै गएको कारणले विद्यार्थीहरूको संख्या न्यून हुंदै गएको छ । जसले गर्दा निजी तथा सामुदायिक क्याम्पसहरूको दिगो सञ्चालनमा आर्थिक श्रोतको समस्या बढ्दै गएको देखिन्छ । अतः अति आवश्यक क्षेत्र र विषयहरू वाहेक सम्बन्धन दिने प्रकृयालाई निरुत्साहित पार्नु पर्ने देखिन्छ ।

अध्याय –३

क्याम्पस सम्बन्धन सम्बन्धी नीति

३.१ सम्बन्धन सम्बन्धी नीतिगत समस्या

(क) त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को परिच्छेद ८७ र ८८ मा भएको सम्बन्धन सम्बन्धी ब्यवस्थामा नीतिगत, प्रक्रियागत एवं संरचनागत अस्पष्टता ।

(ख) नेपालको उच्च शिक्षामा पहुँच र अवसरको हिसावले भौगोलिक एवं क्षेत्रीय असमानता अपेक्षाकृत रुपमा घट्न नसकेको ।

(ग) उच्च शिक्षामा स्थानीय निकाय/सरकारको साझेदारी नगन्य रहेको र शिक्षा क्षेत्रमा ब्यापारीकरण हावी भएको ।

(घ) त्रि.वि.ले सम्बन्धन दिंदा वा कार्यक्रम विस्तार गर्दा आयआर्जन गर्ने उद्देश्य एवं राजनैतिक दवावको कारणले सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्यामा अत्याधिक वृद्धि हुन गई आङ्गिक क्याम्पसमा विद्यार्थी संख्या घट्दो र सम्बन्धन प्राप्त क्याम्पसमा गुणस्तरीय शिक्षाको ऱ्हास ।

(ङ) सम्बन्धन लिने दिने कार्यमा राजनीतिक दवाव र अस्वस्थ प्रतिस्पर्धालाई निरूत्साहित गर्न सम्बन्धन दिने प्रक्रियामा वस्तुगत (objective) मापदण्डको अभाव ।

(च) त्रि.वि.ले सम्बन्धन दिइएका क्याम्पसहरूको नियमित र प्रभावकारी अनुगमन र मूल्याङ्कनमा कमी ।

३.२ सम्बन्धनको लक्ष्य

१. त्रि.वि.का आङ्गिक क्याम्पसहरू नभएका भौगोलिक तथा प्रादेशिक क्षेत्रहरूमा सम्बन्धन वा विस्तारित कार्यक्रममार्फत उच्च शिक्षाको विस्तार गरी समानता कायम गराउने ।

२. उच्च शिक्षाको विकासमा समुदाय, निजी क्षेत्र र स्थानीय निकायलाई साझेदारी बनाउने नेपाल सरकारको नीति अनुरुप सम्बन्धनको ब्यवस्थापन गर्ने ।

३. शिक्षा क्षेत्रमा भएको ब्यापारीकरणलाई न्यूनिकरण गर्न स्थानीय निकाय मार्फत पनि उच्च शिक्षाको विकास र विस्तार गर्ने ।

४. सरकारी, समुदायिक र निजीक्षेत्र बीच प्रतिस्पर्धा गराई उच्च शिक्षालाई गुणस्तरीय बनाउँदै प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने ।

५. उच्च शिक्षामा समावेशी एवं समानतामूलक पहुँच र अवसर प्रदान गर्न स्थानीय निकायलाई अग्रसर गराउने ।

६. उच्च शिक्षालाई सीपसंग आवद्ध गराई अध्ययनको लागि विदेश जाने प्रवृत्तिलाई निरूत्साहित गर्ने र समयसापेक्ष रोजगारमूलक शिक्षाको अवसर विस्तार गर्ने ।

७. उच्च शिक्षामा गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी नेपाली विद्यार्थीहरू विदेश जाने प्रवृत्तिलाई निरूत्साहित गर्ने र विदेशी विद्यार्थीहरूलाई आकर्षण गर्ने ।

३.३ निर्देशक सिद्धान्त

१. त्रि.वि.का आङ्गिक क्याम्पसहरूमा अध्यापन नगराइएका विषयमा कार्यमूलक एवं रोजगारोन्मुख विधाहरूलाई अध्यापन कार्य गर्न गराउन प्राथमिकता दिने ।

२. आङ्गिक क्याम्पसमा संचालन नभएका कुनै पनि नयाँ कार्यक्रमहरूको सम्बन्धन दिंदा त्रि.वि.का आङ्गिक क्याम्पसहरूलाई प्राथमिकता दिने र त्यसपछि मात्र सम्बन्धन प्राप्त क्याम्पसहरूलाई सम्बन्धन दिने ।

३. सम्बन्धन दिंदा आर्थिक रुपले विपन्न र भौगोलिकरुपले पिछडिएका क्षेत्र र प्रदेशहरूलाई उच्च शिक्षाको पहुँचमा जोड दिइने ।

४. सम्बन्धनको लागि प्राथमिकता निर्धारण गर्दा स्थानीय निकायबाट सञ्चालित क्याम्पस, सामुदायिक क्याम्पस र निजी क्याम्पसहरूलाई क्रमशः पहिलो, दोस्रो र तेस्रो प्राथमिकता राख्ने ।

५. विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, कृषि, पर्यटन, ब्यापार, इन्जिनीयरिङ्ग, जलविद्युत, पशु, चिकित्सा आदि ं रोजगारोन्मुख विधाहरूमा सम्बन्धन दिन प्राथमिकता दिने ।

६. चिकित्साशास्त्र र इन्जिनीयरिङ्ग विषय वाहेक अरु विषयको हकमा, पिछडिएका वा विपन्न वर्गका ब्यक्तिहरूको लागि उच्च शिक्षामा पहुँच र अवसरको विस्तार गर्न भर्ना कोटा र छात्रवृत्ति सम्बन्धी ब्यवस्था मिलाउन सम्बन्धन प्राप्त क्याम्पस र स्थानीय निकाय बीच सहकार्य गराउने ।

७. नेपाली विद्यार्थीहरुलाई अन्तर्राष्ट्रियस्तरको शिक्षा लिने अवसर दिलाउन र विदेशी विद्यार्थीहरूलाई समेत आकर्षित गर्ने किसिमका शैक्षिक कार्यक्रमहरु High Tuition Fee लिई त्रि.वि.ले संचालन गर्ने र आवश्यक भएमा कार्यक्रम विस्तार गर्न तथा सम्बन्धन दिन प्राथमिकता दिने ।

८. रोजगारी, उद्यमशीलता, आत्मनिर्भरता उन्मुख र प्रतिस्पर्धात्मक एवं व्यावसायिक शिक्षाको प्रवर्द्धन र विकासको लागि विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेको Quality Assurance and Accreditation (QAA) को आधार र अर्न्तराष्ट्रिय मान्यता अनुरुपको International Organization for Standardization (ISO) को प्रावधानलाई लागु गर्न आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुलाई प्रोत्साहन गर्ने ।

३.४ कार्यनीति

सम्बन्धन प्राप्त क्याम्पसहरूको नियमित अनुगमन र सुपरिवेक्षण गर्न देहाय अनुसारको कार्यनीति व्यवस्था हुनु पर्ने:

क) त्रि.वि. को सम्बन्धन सम्बन्धमा निजी क्षेत्रमा सञ्चालित क्याम्पसहरूको अनुगमन प्रणालीमा नियमितता एवं एकरुपता कायम गर्न एक बृहत अनुगमन फाराम तयार गर्ने ।

ख) दफा (क) बमोजिमको अनुगमन फारामलाई दुई भागमा विभाजन गरिनेछ । जसमध्ये पहिलो भागमा सबै अध्ययन संस्थान/संकायहरूका लागि आवश्यक पर्ने साझा जानकारी संकलन गर्ने र दोश्रो भागमा सम्बन्धित अध्ययन संस्थान एवं संकाय विशेषको जानकारी संकलन गर्ने ।

ग) त्रि.वि.को विद्यमान अनुगमन समितिलाई आङ्गिक क्याम्पसहरूको अनुगमन गर्ने निकायको रुपमा साधनश्रोतले सम्पन्न, सुदृढ र दक्ष जनशक्तियुक्त बनाउने ।

घ) देशभरी छरिएर रहेका त्रिभुवन विश्वविद्यालयका १०८३ सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन गर्ने अनुगमन समितिमा जनशक्ति पर्याप्त नभएकाले अनुगमन गर्नका लागि देशका विभिन्न भागमा रहेका त्रि.वि. का आङ्गिक क्याम्पसहरूमा कार्यरत वा त्रि.वि.का निवृत्त शिक्षकहरूको रोष्टर (Roster) तयार गरी तालिम एवं प्रशिक्षण पश्चात् अनुगमन कार्यमा खटाउने व्यवस्था गर्ने ।

ङ) दफा (घ) बमोजिम अनुगमन गर्न खटाईने शिक्षकको हकमा आफ्नो स्थायी ठेगाना भएको जिल्ला र क्याम्पससंग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न नभएको व्यक्तिलाई मात्र अनुगमन गर्न पठाउने व्यवस्था हुनु पर्ने ।

३.५ सम्बन्धन कार्यक्रम, स्वीकृति, सञ्चालन तथा व्यवस्थापनका आधारहरू (Criteria)

सम्बन्धन कार्यक्रम, स्वीकृति, सञ्चालन तथा व्यवस्थापनका आधारहरू (Criteria) देहायवमोजिम हुनुपर्ने:

(क) निजी तथा सामुदायिक क्याम्पसहरूलाई त्रि.वि.को सम्बन्धनमा कुनै विषय वा कार्यक्रम सञ्चालन गर्न सम्बन्धन दिनु पूर्व सम्बन्धित क्षेत्रका त्रि.वि.का आङ्गिक क्याम्पसलाई कुनै असर नपर्ने गरी सम्बन्धन दिने व्यवस्था गर्नुपर्ने ।

(ख) बजारमुखी, प्राविधिक तथा उत्पादनशील विषय वा कार्यक्रमहरू पहिले त्रि.वि.का आङ्गिक क्याम्पसहरूमा सञ्चालन गरी क्याम्पसहरूको स्थिति सुदृढ भएपश्चात मात्र त्यस्ता विषय वा कार्यक्रम सञ्चालन गर्न चाहने प्रस्तावित निजी तथा सामुदायिक क्याम्पसहरूलाई सम्बन्धन दिने व्यवस्था गर्नुपर्ने ।

(ग) त्रि.वि. ले आफ्ना शैक्षिक कार्यक्रमहरूलाई अनुसन्धानमुखी बनाउदै लैजाने नीति अनुरुप सम्बन्धन प्राप्त क्याम्पसहरूले अनुसन्धानात्मक क्रियाकलापलाई प्राथमिकता दिने गरी सम्बन्धन दिने व्यवस्था मिलाइनु पर्ने ।

(घ) सम्बन्धन लिई क्याम्पस सञ्चालन गर्न इच्छुक क्याम्पसहरूलाई सम्बन्धन दिंदा विषय, जनसंख्या र भौगोलिक सन्तुलनको आधारमा दिने व्यवस्था गर्नु पर्ने ।

(ङ) अव उप्रान्त सम्बन्धन दिंदा त्रि.वि.को एउटै कार्यक्रम र तह सञ्चालन गर्ने निजी वा सामुदायिक क्याम्पसहरूको वीच न्यूनतम दुरी महानगरपालीका एवं उपमहानगरपालीकाको हकमा ५ कि.मी., नगरपालीकाको हकमा १५ कि.मी. र गा.वि.स.को हकमा कम्तीमा ३ वटा गा.वि.स.वरावर एक सम्बन्धन प्राप्त क्याम्पस कायम गर्नुपर्ने । साथै त्रि.वि.का आङ्गिक तथा

सम्बन्धन लिई संचालनमा रहेका क्याम्पसहरूलाई प्रतिकूल असर पर्ने कुरा प्रमाणित हुन आएमा नयाँ सम्बन्धन नदिने ।

(च) विज्ञान तथा प्रविधि, चिकित्सा, इन्जिनीयरिंग, कृषि, वन, पर्यटन जस्ता प्राविधिक विषयहरूको सम्भाव्यताको आधारमा प्रार्देशिक सन्तुलन हुने गरी सम्बन्धन दिनु पर्ने ।

(छ) आधुनिक सूचना प्रविधिको प्रयोगबाट पठन पाठन गर्ने नीति लिनु पर्ने ।

(ज) सम्बन्धनका लागि पूरा गर्नुपर्ने तोकिएका मापदण्ड बमोजिम सम्बन्धन लिने क्याम्पसको आफ्नै जग्गा र भवन हुनुपर्ने सो नभएमा कम्तिमा ५ बर्षभित्रमा आवश्यक जग्गा र भवन आफ्नो स्वामित्वमा हुनुपर्ने ।

(झ) सम्बन्धन प्राप्त क्याम्पसहरूमध्ये चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतका कार्यक्रम संचालन गर्ने क्याम्पसहरूका लागि एम.वी.वी.एस./वी.डी.एस.तर्फ विद्यार्थी भर्ना संख्या तोक्दा त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानको विद्यापरिषदले तय गरेका आधारहरू र नेपाल मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल एवं फार्मेसी काउन्सिलको Accreditation Standard मा लेखिएका कुराहरूको आधारमा तोक्ने ।

(ञ) इन्जिनीयरिङ्ग अध्ययन संस्थान तर्फ सञ्चालित क्याम्पसहरूमा एक विषयमा प्रति कार्यक्रम (सिभिल, इलेक्ट्रोनिक्स, इलेक्ट्रीकल, आर्किटेक्चर, कम्प्यूटरमा बढीमा ९६ जना विद्यार्थी संख्या निर्धारण गर्नुपर्ने छ र एउटा कक्षामा ४८ भन्दा बढी विद्यार्थी संख्या हुन नहुने । सो भन्दा बढी विद्यार्थी संख्या सञ्चालित क्याम्पसहरू भएमा यो नीति लागु भएको ३ बर्ष भित्रमा संख्या कटौती गरी ९६ संख्या कायम गर्नुपर्ने । मापदण्ड पूरा गरेका कलेजलाई कम्तीमा ४ विषयको शैक्षिक कार्यक्रम संचालन गर्ने गरी स्वीकृति दिनु पर्ने ।

(ट) वन विज्ञान, कृषि तथा पशु अध्ययन संस्थान तर्फ बढीमा ८० जनाको विद्यार्थी भर्ना संख्या निर्धारण गर्नुपर्ने र एउटा कक्षामा ४० भन्दा बढी विद्यार्थी संख्या हुन नहुने ।

(ठ) विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फ बी.एस.सी. सीएस.आई.टी.मा बढीमा ७२ जना विद्यार्थीको संख्या निर्धारण गर्नु पर्ने र एउटा कक्षामा ३६ भन्दा बढी विद्यार्थी संख्या हुन नहुने । अन्य कार्यक्रमहरुमा बढीमा ९६ जना विद्यार्थी संख्या निर्धारण गर्नु पर्ने र एउटा कक्षामा ४८ जना भन्दा बढी विद्यार्थी संख्या हुन नहुने ।

(ड) व्यवस्थापन संकायतर्फका कार्यक्रमहरुमा वी.वी.ए., वी.आई.एम., वी.टी.टी.एम., होटेल म्यानेजमेन्टमा विद्यार्थी संख्या ७२ भन्दा बढी हुन नहुने र एउटा कक्षामा ३६ भन्दा बढी विद्यार्थी संख्या हुन नहुने, बी.वी.एस. कार्यक्रममा विद्यार्थी संख्या १५० निर्धारण गर्नु पर्ने र एउटा कक्षामा ५० जना भन्दा बढी विद्यार्थी संख्या हुन नहुने ।

(ढ) शिक्षा र मानविकी संकायतर्फका कार्यक्रमहरुमा विद्यार्थी संख्या १५० निर्धारण गर्नु पर्ने र एउटा कक्षामा ५० जना भन्दा बढी विद्यार्थी संख्या हुन नहुने ।

(ण) कानुन संकायतर्फका कार्यक्रमहरुमा विद्यार्थी संख्या ४८ निर्धारण गर्नु पर्ने ।

(त) पहिले देखि नै संचालन भइरहेको क्याम्पसहरूमा तोकिएको विद्यार्थी भर्ना संख्या ३ बर्ष भित्र समायोजन गर्नुपर्ने ।

(ठ) इन्जिनीयरिङ्ग अध्ययन संस्थानको नयाँ सम्बन्धन काठमाण्डौ उपत्यकाभित्र १० बर्ष सम्म बन्द गर्नु पर्ने ।

(द) इन्जिनीयरिङ्ग, कृषि, वन विज्ञान अन्तर्गतका कार्यक्रमहरू नयाँ सम्बन्धन सम्बन्धी कार्य उच्चस्तरीय समितिको निर्णय अनुसार उपत्यका बाहिर निजी तथा साझेदारीमा सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्ने ।

(ध) माथि उल्लेख भए बमोजिम प्राविधिक कार्यक्रम संचालन गर्न चाहने इच्छुक व्यक्ति वा संस्थाले नेपाल सरकारबाट लिनु पर्ने मनसाय पत्र लिनु पूर्व त्रि.वि. बाट उक्त कार्यक्रम संचालन गर्नको लागि अनिवार्य रुपमा स्वीकृति लिनु पर्नेछ ।

तर पहिल्यै नै शिक्षा मन्त्रालयबाट मनसाय पत्र लिएका व्यक्ति वा संस्थाले उपत्यका बाहिर कार्यक्रम संचालन गर्न चाहेमा स्वीकृति दिन सकिने छ ।

(न) विगतमा त्रिभुवन विश्वविद्यालयले चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत मेडिकल शिक्षा संचालन गर्ने मनसाय राखेका व्यक्ति वा संस्थाले त्रि.वि.ले माग गरेको मनसायपत्र सहितको प्रस्ताव नेपाल सरकारको LOI सहित पेश गरेकाको हकमा औचित्यपूर्ण माग र आवश्यकताका आधारमा चिकित्साशास्त्र अन्तर्गतका कार्यक्रमहरू काठमाडौं उपत्यकामा संचालन गर्न चाहेमा एक पटकको लागि उच्चस्तरीय समितिको निर्णय अनुसार सम्बन्धन दिने अवसर सम्बन्धी व्यवस्था गर्नु पर्ने ।

(प) निजी र सामुदायिक क्षेत्रमा सञ्चालन हुने शैक्षिक कार्यक्रमको गुणस्तरीयता सुनिश्चितता गर्ने पक्षहरू परिभाषित गर्ने ।

(फ) सम्बन्धन दिंदा भौगोलिक एवं प्रादेशिक आवश्यकता र सन्तुलन, शहरी-ग्रामिण क्षेत्रको अन्तराल (Gap) एवं आर्थिक रुपले विपन्न समुदायको उच्च शिक्षामा पहुच एवं सहभागितालाई सुनिश्चितता गर्ने ।

(ब) एउटै संकाय अन्तर्गतका निजी/सामुदायिक क्याम्पसहरूको संख्या र एकै ठाउँमा केन्द्रित हुने प्रवृतिलाई निरुत्साहित गर्ने ।

(भ) चिकित्साशास्त्र अध्ययन संस्थान, इन्जिनीयरिङ्ग अध्ययन संस्थान, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, विज्ञान तथा प्रविधि र वन विज्ञान अध्ययन संस्थान अन्तर्गतका कार्यक्रमहरू निजी क्षेत्रमा सञ्चालनका लागि नयाँ सम्बन्धन दिदा क्षेत्रिय, भौगोलिक तथा प्रादेशिक सन्तुलनमा जोड दिने ।

(म) मानविकी तथा सामाजिकशास्त्र संकाय, व्यवस्थापन संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत निजी क्षेत्रमा अत्याधिक मात्रामा क्याम्पस स्थापना भइसकेको स्थितिमा नयाँ सम्बन्धन हाललाई स्थगन गर्ने ।

(य) अनुगमन प्रणालीको प्रभावकारी कार्यान्वयन पश्चात् उच्चस्तरीय समितिको निर्णय अनुसार सम्बन्धन दिने /नदिने निर्णय गर्ने ।

(र) माथि (य) बमोजिम सम्बन्धन दिने निर्णय गर्दा ग्रामीण क्षेत्रमा सञ्चालन गर्न प्राथमिकता दिनुपर्ने ।

३.६. सम्बन्धन स्थगन र खारेज गर्ने आधारहरू

(१). सम्बन्धन स्थगन र खारेज गर्ने आधारहरू (Criteria) देहायवमोजिम हुनुपर्ने:

(क) त्रि.वि.ले सम्बन्धन सम्बन्धी गरेको व्यवस्थापकीय पक्ष तथा अध्ययन अनुसन्धान सम्बन्धी तोकिएका मापदण्ड विपरित सञ्चालनमा रहेको पाइएमा ।

(ख) त्रिभुवन विश्वविद्यालयले दिएको निर्देशन पालना नगरेमा ।

(ग) त्रिभुवन विश्वविद्यालयलाई नियमित रुपमा वुझाउने पर्ने सम्बन्धन शुल्क एवं विद्यार्थी सेवा शुल्क नवुझाएमा ।

(घ) त्रिभुवन विश्वविद्यालयले तोकेको समयमा सम्बन्धन नवीकरण नगरेमा ।

(ङ) त्रिभुवन विश्वविद्यालयले तोकेको पाठ्यक्रमभन्दा वाहिर गई पठन पाठन संचालन गरेमा ।

(च) अन्य विश्वविद्यालय वा प्रतिष्ठान वा स्वदेशी वा विदेशी शैक्षिक संस्थाको कार्यक्रम संचालन गरेमा ।

(छ) विश्वविद्यालयले तोकेको न्यूनतम उत्तीर्ण प्रतिशत पुरा गर्न नसकेमा ।

(ज) त्रि.वि.संग गरेको सम्झौतामा उल्लेखित कुराहरूको परिपालना नगरेमा ।

(झ) त्रि.वि. ले संचालन गर्ने आन्तरिक र वाह्य परीक्षा तोकिएको मापदण्ड विपरित संचालन गरेमा ।

(२). माथि उल्लेखित कुराहरू वा त्रि.वि.को हित विपरित हुने गरी कुनै कार्य गरेमा त्यस्ता सम्बन्धन प्राप्त क्याम्पसहरूलाई त्रि.वि. नियमले तोकेको प्रक्रिया पुरा गरी देहायको सजाय दिन सक्नेछ:

(क) चेतावनी दिने वा

(ख) नसिहत दिने वा

(ग) सम्बन्धन स्थगन गर्ने वा

(घ) सम्बन्धन खारेजी गर्ने ।

३.७. सम्बन्धन लिने दिने प्रक्रिया

सम्बन्धन प्रदान गर्नका लागि गरिने सम्भाव्यता अध्ययन तथा विद्या परिषद्बाट सिफारिस गर्ने गरी निर्णय गर्नुभन्दा अगाडी देहायअनुसारको प्रक्रिया पुरा गर्नु पर्ने:

(क) त्रि.वि. अन्तर्गत कुनै संकाय वा संस्थानहरूका कार्यक्रमहरू कुनै इच्छुक व्यक्ति वा संस्थाले सञ्चालन गर्नेका लागि देहायका प्रकृयाहरू पूरा गर्नुपर्ने छ :

(अ) उच्चस्तरीय समितिबाट पूर्व स्विकृति लिई सम्बन्धित डीन कार्यालयमा निवेदन दिने

(आ) प्रस्तावसंगै तोकेको सम्भाव्यता शुल्क बुझाउनु पर्ने ।

(ख) सम्बन्धनका लागि दर्ता भएका प्रस्तावको छानविन तथा अध्ययनपछि सम्बन्धित डीनले विषय विशेषज्ञहरूको बैठक बोलाई सम्भाव्यता अध्ययन टोलीको छनौट गरी शिक्षाध्यक्ष समक्ष स्विकृतको लागि पेश गर्ने । सम्भाव्यता अध्ययन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।

(ग) सम्भाव्यता अध्ययन टोलीले विश्वविद्यालयले तोकेको मापदण्डको आधारमा स्थलगत अध्ययनको स्पष्ट चित्रण गरी ठोस सिफारिश सहितको प्रतिवेदन पेश गर्ने ।

(घ) सम्बन्धित डीन कार्यालयमा पेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन सम्बन्धित विद्या परिषद्को पूर्ण बैठक तथा विद्यापरिषदले आवश्यक ठानेका विशेषज्ञहरुको उपस्थितिमा गरेको निर्णयका आधारमा सम्बन्धन प्रदान गर्नका लागि सम्बन्धित डीनले योजना निर्देशनालय मार्फत त्रि.वि. कार्यकारी परिषद् समक्ष सिफारिश गर्ने ।

३.८ नाम तथा स्थान परिवर्तन

सम्बन्धन प्राप्त क्याम्पसहरूको नाम परिर्वतन र स्थान परिवर्तन प्रकृयालाई देहायअनुसार व्यवस्थित गर्नु पर्ने:

(क) नाम परिवर्तन एवं ठाउँ परिवर्तनको औचित्य प्रमाणित गर्नुपर्ने ।

(ख) भौतिक सम्पत्ति, घरजग्गा आदिको स्वामित्व तथा उपलब्धता जस्ता अवस्थामा बाहेक अन्य अवस्थामा ठाउँ परिवर्तन गर्न नपाइने व्यवस्था हुनु पर्ने ।

(ग) पहिल्यैदेखि सञ्चालित आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा ठाउँ परिवर्तनले गर्दा प्रतिकूल असर पार्ने स्थिति श्रृजना हुने भए ठाउँ परिवर्तन गर्न नपाइने व्यवस्था हुनुपर्ने ।

(घ) ठाउँ परिवर्तन एवं नाम परिवर्तन वापत लिइने शुल्क कार्यकारी परिषदले निर्धारण गर्नु पर्ने ।

(ङ) एकपटक ठाउँ परिवर्तन भएपछि दश वर्षसम्म ठाउँ परिवर्तन गर्न दिन नहुने ।

अध्याय -४

सम्बन्धन तथा कार्यक्रम विस्तार उच्चस्तरीय समिति

४. सम्बन्धन तथा कार्यक्रम विस्तार उच्चस्तरीय समिति

४.१. त्रिभुवन विश्वविद्यालय ऐन २०४९ वमोजिम सम्बन्धनको स्वीकृतिको लागि पेश भएका प्रस्तावित क्याम्पसहरू प्रादेशिक वा क्षेत्रिय रुपमा खोल्ने आवश्यकताको वारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न शिक्षाध्यक्षको संयोजकत्वमा रजिष्ट्रार, विश्वविद्यालयको वरिष्ठ प्राध्यापकहरू मध्येबाट एकजना, सम्बन्धित अध्ययन संस्थान/संकाय डीन सदस्य र योजना निर्देशनालयको निर्देशक सदस्य सचिव रहने गरी उच्च स्तरीय समितिको गठन हुनुपर्ने । समितिमा रहने विश्वविद्यालयबाट निवृत्त वा वहालवाला वरिष्ठ प्राध्यापकको मनोनयन योजना निर्देशनालयको निर्देशकको सिफारिशमा उपकुलपतिबाट हुने व्यवस्था गरिनु पर्ने ।

४.२. यसरी गठन हुने समितिलाई कार्यक्रम तथा विषय थप, नयाँ सम्बन्धनको भौतिक वा प्रादेशिक क्षेत्रिय सन्तुलन मिल्ने गरी कार्यक्रम विस्तारको समेत अध्ययन सहित प्रतिवेदन पेश गर्ने काम कर्तव्य र अधिकार कार्यविधिमा उल्लेख हुनु पर्ने व्यवस्था गरिनु पर्ने ।

अध्याय -५

संरचनाको परिर्वतन

५.१. संरचना परिवर्तन

सम्बन्धन सम्बन्धी व्यवस्थालाई व्यवस्थापन गर्न त्रि.वि. को वर्तमान नियममा रहेको योजना महाशाखाको संरचनालाई परिवर्तन गरी देहायअनुसार व्यवस्थित गर्नुपर्ने:

(क) त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० मा भएको योजना महाशाखालाई योजना निर्देशनालयको रुपमा परिवर्तन गर्ने ।

(ख) योजना निर्देशनालय अन्तर्गत योजना नीति तथा कार्यक्रम, सम्बन्धन र अनुगमन गरी तीन इकाईको व्यवस्था गर्ने ।

(ग) योजना नीति तथा कार्यक्रम, अनुगमन र सम्बन्धन इकाईको छुट्टा छुट्टै कार्य क्षेत्र र जनशक्तिको व्यवस्था गर्ने ।

(घ) योजना नीति तथा कार्यक्रम, अनुगमन र सम्बन्धन इकाईको नियन्त्रण, निर्देशन र परिचालन योजना निर्देशनालयको निर्देशकबाट गर्ने व्यवस्था हुनु पर्ने ।

५.२ सम्बन्धन इकाई

(क) सम्बन्धन प्राप्त क्याम्पसहरूको अभिलेख राख्ने तथा सम्बन्धन प्रदान सम्बन्धी कार्य व्यवस्थापनको लागि योजना निर्देशनालय अन्तर्गत छुट्टै सम्बन्धन इकाई स्थापना गर्ने ।

(ख) त्रि.वि. योजना निर्देशनालय अन्तर्गत इकाईको रुपमा सांगठिक संरचना तथा कार्य क्षेत्र किटान गर्ने ।

(ग) सम्बन्धन इकाईको कार्य क्षेत्र बमोजिम आवश्यक जनशक्तिको योग्यता, विशेषज्ञता र कार्य अनुभव परिभाषित गर्ने ।

(घ) सम्बन्धन सम्बन्धी सम्पूर्ण कार्य सम्पादन योजना निर्देशनालय अन्तर्गतको सम्बन्धन इकाईले गर्ने ।

(ङ) सम्बन्धन दिने सम्बन्धी आवेदन आव्हान गर्दा कुनै निश्चित तोकेको भौगोलिक प्रदेशलाई स्पष्ट उल्लेख गर्ने र त्यसरी जुन जिल्ला वा क्षेत्र वा प्रदेशको लागि आवेदन आव्हान गरेको हो सो जिल्ला, क्षेत्र वा प्रदेशकोले मात्रै आवेदन गर्न पाउने गरी सूचना प्रकाशन गर्न सक्ने ।

(च) शैक्षिकस्तर तथा विषयगत विशेषताको आधारमा अन्तर संकाय वा संस्थान र आवश्यक पूर्वाधार पूरा नगरेको एउटा संकाय वा संस्थान अन्तर्गत संचालित सम्बन्धन प्राप्त क्याम्पसहरूलाई अन्य संकाय वा संस्थान अन्तर्गतका कार्यक्रम वा विषय सञ्चालनका लागि स्वीकृति नदिने ।

अध्याय –६

शुल्क व्यवस्थापन

६.१ सम्बन्धन सम्बन्धी सेवा शुल्कलाई देहाय अनुसार व्यवस्थित गर्नुपर्ने

(क) अध्ययन संस्थान/संकायअन्तर्गत सम्बन्धन प्राप्त सबै क्याम्पसहरूले बार्षिक रुपमा प्रति विद्यार्थी प्रति महीना बुझाउने शुल्क सम्बन्धित विद्यार्थीले बुझाउने कूल रकमको १.५% प्रतिशत बराबरको रकम एकमुष्ट अनिवार्य रुपमा त्रि.वि.केन्द्रीय कार्यालयको विनियोजन शाखामा बुझाउन पर्ने व्यवस्था गर्नु पर्ने ।

(ख) त्रि.वि. विनियोजन शाखाले सेवा शुल्कको आय, व्यय र प्रयोगका स्पष्ट लेखा प्रणाली अनुसार अभिलेख तयार गर्नुपर्ने ।

(ग) सेवा शुल्क बुझाएको प्रमाण विना त्रि.वि.का विभिन्न निकायहरूले प्रदान गर्ने सेवा र परीक्षामा संलग्न नगराउने ।

(घ) सम्बन्धन प्राप्त क्याम्पसहरूले विद्यार्थीबाट लिने शुल्क सम्बन्धी सम्पूर्ण विवरण त्रि.वि. को र क्याम्पसको वेवसाइट (Website) मा अनिवार्यरुपमा राख्नु पर्ने ।

(ङ) डीन कार्यालयबाट लिइने सम्बन्धन शुल्क, अनुगमन शुल्क, नविकरण शुल्क र अन्य लाग्ने शुल्क त्रि.वि. कार्यकारी परिषदले समय समयमा तोक्नु पर्ने । कार्यकारी परिषदले तोकेको शुल्कभन्दा वाहेक अन्य शुल्क लिन नपाइने व्यवस्था गर्नु पर्ने ।

अध्याय –७

क्याम्पसको श्रेणी विभाजन

७. सम्बन्धन प्राप्त क्याम्पसहरूको श्रेणी विभाजन

सम्बन्धन प्राप्त क्याम्पसहरूको श्रेणी विभाजन देहायअनुसार व्यवस्थित गरिनु पर्ने देखिन्छ :

(क) सम्बन्धन प्राप्त क्याम्पस संचालन भएको समयावधी, कार्यक्रम सञ्चालन, कार्य क्षमता, त्रि.वि. नियम, विनियम पालनाको आधारमा सम्बन्धन प्राप्त क्याम्पसहरूलाई निम्न तीन श्रेणीमा वर्गिकरण गर्नु पर्ने :

"क" श्रेणीका सम्बन्धन प्राप्त क्याम्पसहरूः

(अ) सम्बन्धन लिएको समयावधि १५ बर्ष भन्दा बढी भएको र भौतिक पूर्वधार तथा तोकिएको Norms and Standards पुरा गरेको ।

(आ) अध्ययन संस्थान/संकायअन्तर्गतका कम्तीमा ६ वटा कार्यक्रमहरू संचालन गरेको ।

(इ) त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयद्वारा लिएको परीक्षामा सबै कार्यक्रम र तहमा ३ वर्षसम्म लगातार कम्तीमा ८० प्रतिशत परीक्षार्थी उर्त्तिण भई नतिजा प्राप्त गरेको ।

(ई) जनशक्ति तथा वित्तिय श्रोत व्यवस्थापनमा पारदर्शिता भएको ।

(उ) त्रि.वि. नियम, कार्य व्यवस्थापन प्रणाली र कार्यकारी परिषदबाट समय समयमा दिएको निर्देशन पालना लगायत त्रि.वि.लाई नियमित रुपमा वुझाउनु पर्ने सेवा शुल्क बुझाएको ।

"ख" श्रेणीका सम्बन्धन प्राप्त क्याम्पसहरूः

(अ) सम्बन्धन लिएको समावधि १० बर्ष भन्दा बढी भएको र भौतिक पूर्वधार तथा तोकिएको Norms and Standards पुरा गरेको ।

(आ) अध्ययन/संकायअन्तर्गतका कम्तीमा ४ वटा कार्यक्रमहरू संचालन गरेको ।

(इ) त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयद्वारा लिएको परीक्षामा सबै कार्यक्रम र तहमा ३ वर्षसम्म लगातार कम्तीमा ६० प्रतिशत परीक्षार्थी उर्त्तिण भई नतिजा प्राप्त गरेको ।

(ई) जनशक्ति तथा वित्तिय श्रोत व्यवस्थापनमा पारदर्शिता भएको ।

(उ) त्रि.वि. नियम, कार्य व्यवस्थापन प्रणाली र कार्यकारी परिषदबाट समय समयमा दिएको निर्देशन पालना लगायत त्रि.वि.लाई नियमित रुपमा वुझाउनु पर्ने सेवा शुल्क बुझाएको ।

"ग" श्रेणीका सम्बन्धन प्राप्त क्याम्पसहरू:

(अ) सम्बन्धन लिएको समावधि ५ बर्ष भन्दा कम भएको र भौतिक पूर्वधार तथा तोकिएको Norms and Standards पुरा गरेको ।

(आ) अध्ययन/संकायअन्तर्गतका कम्तीमा २ वटा कार्यक्रमहरू संचालन गरेको ।

(इ) त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयद्वारा लिएको परीक्षामा सबै कार्यक्रम र तहमा ३ वर्षसम्म लगातार कम्तीमा ५० प्रतिशत परीक्षार्थी उर्त्तिण भई नतिजा प्राप्त गरेको ।

(ई) जनशक्ति तथा वित्तिय श्रोत व्यवस्थापनमा पारदर्शिता भएको ।

(उ) त्रि.वि. नियम, कार्य व्यवस्थापन प्रणाली र कार्यकारी परिषदबाट समय समयमा दिएको निर्देशन पालना लगायत त्रि.वि.लाई नियमित रुपमा वुझाउनु पर्ने सेवा शुल्क बुझाएको ।

अध्याय –८

आङ्गिक क्याम्पसहरुको दिगो विकास

८. आङ्गिक क्याम्पस सम्बन्धमा

आङ्गिक क्याम्पसहरुको दिगो विकास र स्तरोन्नतिका लागि त्रि.वि.ले देहाय वमोजिमको नीति लिनुपर्ने देखिन्छ:

१. सम्भव भएका कार्यक्रमहरुमा विद्यार्थी भर्ना लिंदा नियमित भर्ना कार्यक्रम र पूर्ण शुल्कीय कार्यक्रम संचालन गर्नु पर्ने । नियमित र पूर्ण शुल्कीय विद्यार्थीहरू लिदा एउटै कक्षामा वा छुट्टा छुट्टै कक्षामा पठन पाठन गर्न सकिनेछ ।

२. उच्च शिक्षाको लागि विदेश जाने नेपाली विद्यार्थीहरुलाई स्वदेशमा नै गुणस्तरीय र अन्तर्राष्ट्रियस्तरको शिक्षा प्रदान गर्न एवं विदेशी विद्यार्थीहरुलाई समेत आर्कषण गर्नका लागि विशेष शुल्क लिएर विशेष क्षेत्रमा विदेशी प्रतिष्ठीत विश्वविद्यालयहरुसंग सहकार्य समेत गरी शैक्षिक कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

३. आङ्गिक क्याम्पसहरुले विदेशी विश्वविद्यालयहरु एवं गैऱ्ह आवासीय नेपाली (NRN) संग संयुक्त सहकार्य गरी गुणस्तरीय, रोजगारमूलक एवं प्राविधिक विषयहरुका शैक्षिक कार्यक्रमहरु संचालन गर्न सक्नेछन ।

४. सम्भावित क्षेत्रमा पेशागत तालिम,अनुसन्धान तथा परामर्श सेवा जस्ता अतिरिक्त कार्यक्रमहरू संचालन गरी कोष बढाउने नीति लिने । यस्ता अतिरिक्त कार्यक्रमहरू संचालन गर्दा अन्य संस्थाहरूसंग सहकार्य गर्न प्रोत्साहन गर्ने । अतिरिक्त कार्यक्रम संचालन गर्दा कार्यक्रमबाट जम्मा हुने आउने रकमको १० प्रतिशत रकम त्रि.वि.को केन्द्रीय कोषमा जम्मा गर्ने ।

५. व्यापारिक महत्वका Prime Area मा रहेका आङ्गिक क्याम्पसहरूको जग्गालाई व्यवसायिक रुपमा प्रयोग गर्ने वा लिजमा दिने व्यवस्था मिलाई कोष बढाउने । जस्तै काठमाडौंमा रत्नराज्यलक्ष्मी क्याम्पस, ल क्याम्पस, विश्वभाषा क्याम्पस, त्रिचन्द्र क्याम्पस, अमृत साइन्स क्याम्पस, सरस्वती क्याम्पस, थापाथली क्याम्पस आदिलाई त्रि.वि.विश्वविद्यालय क्याम्पस परिसर, कीर्तिपुर तथा सानोठिमी बहुमुखी क्याम्पस परिसर, सानोठिमी जस्ता प्रशस्त खाली जग्गा भएका ठाउँमा स्थानात्तरण गरी सो ठाउलाई व्यवसायिक प्रयोजनमा प्रयोग गर्ने । त्रि.वि.संग भएको कुल जग्गा ३७२०० रोपनी रहेको देखिन्छ (तालिका २.६) ।

तालिका नं २.६ त्रि.वि. का आंगिका क्याम्पसहरुको जग्गाको विवरण

सि.नं.	प्रदेश	कुल जमिन एरिया (हेक्टरमा)	कुल जमिन एसिया *(रोपनीमा)*
१	**केन्द्र** अ. उपत्यका भित्र आ उपत्यका वाहिर	६५० २२७ ४२३	१३००० ४५४० ८४६०
२	**पूवार्ञ्चल**	३२८	६५६०
३	**पश्चिमाञ्चल**	१३७	२७४०
४	**मध्य पश्चिमाञ्चल**	७६	१५२०
५	**सूदर पश्चिमाञ्चल**	१९	३८०
		१८६०	**३७२००**

६. सम्भव भएका सबै शैक्षिक कार्यक्रमहरूमा विदेशी विद्यार्थीहरूलाई विशेष शुल्क लिने गरी निश्चित कोटा छुट्टाउने व्यवस्था हुनु पर्ने ।

७. कुनै अनुसन्धान वा अवलोकन भ्रमण गर्ने उद्देयले स्वदेशी वा विदेशी व्यक्ति, गैर आवासीय नेपाली (NRN) वा अन्य संघ संस्थाले नेपालमा त्रि.वि.संग सहकार्य गरी कार्यक्रम संचालन गर्न चाहेमा त्यस्ता व्यक्ति वा संघ संस्थाबाट उक्त कार्यक्रम संचालन गरेवापत कुल वजेटको १० प्रतिशत रकम त्रि.वि.केन्द्रीय कोषमा जम्मा गर्नु पर्नेछ ।

८. कुनै त्रि.वि.को शिक्षकले व्यक्तिगत सम्पर्कमा स्वदेशी वा विदेशी संघ संस्थाबाट कुनै अनुसन्धानको कार्यक्रम ल्याउन प्रोत्साहन गर्ने । यस्ता कार्यक्रम संचालन गर्दा तिर्नु पर्ने १० प्रतिशत ओभरहेड रकम त्रि.वि.लाई अनिवार्य रुपमा वुझाउनु पर्नेछ । त्यसरी वुझाउने पर्ने रकम नवुझाएमा त्यस्ता शिक्षक कर्मचारीलाई विभागीय कारवाही गर्नु पर्ने नीति लिनु पर्ने ।

९. त्रि.वि.ले अल्मुनाइ गठन गरी सो अल्मुनाईमार्फत प्रचार प्रसार गर्नुका साथै आय आर्जन सहितका विविध कार्यक्रमहरू संचालन गर्ने ।

१०. सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्झौता बमोजिम त्रि.वि.लाई बुझाउनु पर्ने प्रति विद्यार्थी प्रति वर्ष एक महिनाको शुल्क बराबर सेवा शुल्कमा नियमितता र एकरुपता नभएकोले त्रि.वि.ले आफ्नो आम्दानीको ठूलो हिस्सा गुमाएको हुंदा हालसम्म सेवा शुल्क भुक्तानी गर्न वांकी रहेका क्याम्पसहरुको सूची तयार गरी वांकी वक्यौता रकम अनिवार्य रुपमा असुल उपर गर्नु पर्ने ।

भाग –२

सम्बन्धन तथा कार्यक्रम विस्तार कार्यविधि

सम्बन्धन तथा कार्यक्रम विस्तार कार्यविधि

त्रिभुवन विश्वविद्यालयको सम्बन्धन सम्बन्धी नीति कस्तो हुनु पर्ने लगायतका अन्य विषयवस्तुहरू समेतलाई ध्यानमा राखी यस समितिलाई सम्बन्धन सम्बन्धी सम्पूर्ण प्रक्रियाहरूको वारेमा अध्ययन गरी आवश्यक राय सुझाव सहितको मस्यौदा पेश गर्न जिम्मवारी दिएअनुसार समितिको तर्फबाट विभिन्न कागजात तथा अभिलेखहरूको अध्ययन, सम्बन्धित क्षेत्रको अवलोकन भ्रमण, सम्बन्धित विज्ञहरूसंग लिएको राय सुझाव आदिको आधारमा त्रि.वि. सम्बन्धन नीति सम्बन्धी मस्यौदा तयार गरिसकेको र उक्त मस्यौदामा उल्लेखित कुराहरुलाई त्रि.वि.ले नीतिको रुपमा स्वीकृत गरेपछि सम्बन्धन सम्बन्धी कार्यविधि बनाउनु वाञ्छनीय देखिएकोले भाग २ मा सम्बन्धन तथा कार्यक्रम विस्तार कार्यविधिको मस्यौदा तयार गरिएको छ ।

प्रस्तावना

गुणस्तरिय उच्च शिक्षामा देशका सम्पूर्ण नागरिकहरूको पहुँच पुऱ्याउन र निजी तथा सामुदायीक क्षेत्रको अधिकतम सहभागिता जुटाउने उद्देश्यले त्रिभुवन विश्वविद्यालयले सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाहरूलाई सम्बन्धन दिने नीति अनुरुप त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को परिच्छेद ८८ को नियम ३९१ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले यो कार्यविधि बनाई लागु गरेको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधीको नाम "त्रिभुवन विश्वविद्यालय क्याम्पस सम्बन्धन तथा कार्यक्रम विस्तार कार्यविधि २०७२" रहेको छ ।

(ख) यो कार्यविधी कार्यकारी परिषद्ले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा –

(क) "**ऐन**" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनु पर्दछ ।

(ख) "**नियम**" भन्नाले त्रिभुवन विश्वविद्यालयका प्रचलित नियमहरूलाई सम्झनु पर्दछ ।

(ग) "**कार्यकारी परिषद**" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ वमोजिम गठित कार्यकारी परिषद सम्झनु पर्दछ ।

(घ) "**अध्ययन संस्थान**" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थानहरू सम्झनु पर्दछ ।

(ङ) "**संकाय**" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न संकायहरू सम्झनु पर्दछ ।

(च) "**विद्यापरिषद**" भन्नाले अध्ययन संस्थान वा संकायहरूको विद्यापरिषद सम्झनु पर्दछ ।

(छ) **"समिति"** भन्नाले यस कार्यविधिमा गठन भएको उच्चस्तरीय समितिलाई सम्झनु पर्दछ ।

(ज) "**डीन**" भन्नाले अध्ययन संस्थान वा संकाय डीनलाई सम्झनु पर्दछ ।

(झ) "**निर्देशनालय**" भन्नाले त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय अन्तर्गतको योजना निर्देशनालयलाई सम्झनु पर्दछ ।

(ञ) "**निर्देशक**" भन्नाले त्रि.वि योजना निर्देशनालयको निर्देशकलाई सम्झनु पर्दछ ।

(ट) "**उप निर्देशक**" भन्नाले त्रि.वि योजना निर्देशनालयको उप निर्देशकलाई सम्झनु पर्दछ ।

(ठ) "**क्याम्पस**" भन्नाले त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पसलाई सम्झनु पर्दछ ।

(ड) "**क्याम्पस प्रमुख**" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसका प्रमुख वा प्राचार्य समेतलाई सम्झनु पर्दछ ।

(ढ) "**संचालक समिति**" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसहरूको संचालक समिति सम्झनु पर्दछु ।

(ण) "**छनौट समिति**" भन्नाले दफा १६ अनुसार गठित स्तर निर्धारण तथा छनौट समितिलाई सम्झनु पर्दछ ।

(त) "**विद्यार्थी**" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसहरूमा संचालित निश्चित शैक्षिक कार्यक्रमहरूमा अध्ययनरत विद्यार्थीहरूलाई सम्झनु पर्दछ ।

(थ) "**विधान वा संचालन नियमावली**" भन्नाले सम्बन्धन प्राप्त निजी तथा सामुदायिक क्याम्पस संचालन गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयद्वारा स्वीकृत विधान वा नियमावली सम्झनु पर्दछ ।

(द) "**प्रवन्धपत्र तथा नियमावली**" भन्नाले प्रचलित कानून बमोजिम कम्पनी वा संस्थाको रुपमा दर्ता भई सम्बन्धित निकायबाट स्वीकृत प्रवन्धपत्र तथा नियमावलीलाई सम्झनु पर्दछ ।

परिच्छेद २

सम्बन्धन तथा कार्यक्रम विस्तार सम्बन्धी उच्चस्तरीय समिति

(१) त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ वमोजिम भौगोलिक, प्रादेशिक र क्षेत्रीय आधारमा नयाँ सम्बन्धन प्राप्त क्याम्पस खोल्ने वा नखोल्ने वा कुनै कार्यक्रम विस्तार गर्ने बारेमा अध्ययन गरी उपकुलपति समक्ष प्रतिवेदन पेश गर्न देहायअनुसारको सम्बन्धन तथा कार्यक्रम विस्तार सम्बन्धी एक उच्चस्तरीय समितिको गठन हुनेछः

(क)	शिक्षाध्यक्ष	- अध्यक्ष
(ख)	रजिष्ट्रार	- सदस्य
(ग)	विश्वविद्यालयको वरिष्ठ प्राध्यापक वा निवृत्त अनुभवी प्राध्यापक एक जना	- सदस्य
(घ)	सम्बन्धित अध्ययन संस्थान/संकायको डीन	- सदस्य
(ङ)	निर्देशक, योजना निर्देशनालय	- सदस्य सचिव

(२) माथि (१) (ग) वमोजिमको सदस्यको मनोनयन योजना निर्देशनालयको निर्देशकको सिफारिशमा उपकुलपतिबाट हुनेछ र त्यसरी मनोनयन भएका सदस्यको पदावधि तीन वर्ष हुनेछ ।

(३) माथि (१) (घ) वमोजिमको सम्बन्धित अध्ययन संस्थान/संकायको डीन सम्बन्धित अध्ययन संस्थान वा संकाय अन्तर्गतको कार्यक्रम वा सम्वन्धनको सम्बन्धमा मात्र उच्चस्तरीय समितिको वैठकमा उपस्थित हुने गरी सदस्यको रुपमा रहनेछन् ।

(४) सम्बन्धन तथा कार्यक्रम विस्तार सम्बन्धी उच्चस्तरीय समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) निजी क्षेत्रमा सञ्चालन हुने क्याम्पस वा सामुदायिक क्याम्पसहरूको सम्बन्धन सम्बन्धमा राय सुझाव सहितको प्रतिवेदन उपकुलपति समक्ष पेश गर्ने ।

(ख) निजी वा सामुदायिक रुपमा सञ्चालित क्याम्पसहरूमा भर्ना हुने विद्यार्थीले वुझाउने शुल्कको सम्बन्धमा सम्बन्धित डीन कार्यालयसंग समन्वय गरी शुल्क निर्धारणको लागि प्रस्ताव तयार गरी उपकुलपति समक्ष पेश गर्ने ।

(ग) नयाँ सम्बन्धन प्रदान गर्नका लागि प्रत्येक अध्ययन संस्थान र संकायका डीन कार्यालयहरुले तयार गरेको विस्तृत Norms and Standards उच्चस्तरीय समितिमार्फत कार्यकारीमा पेश गर्ने ।

(घ) उपकुलपतिको निर्देशानुसार प्राविधिक वा अप्राविधिक क्याम्पसहरुको सुपरीवेक्षण र अनुगमन सम्बन्धित डीनको कार्यालयसंग समन्वय गरी गर्ने गराउने ।

(ङ) सम्बन्धन प्राप्त क्याम्पसहरूको स्थायी सम्बन्धनको लागि आवश्यक पर्ने पूर्वाधार र मापदण्ड सम्बन्धित अध्ययन संस्थान र संकायबाट तयार गर्न लगाई स्वीकृतिको लागि कार्यकारी परिषदमा प्रस्ताव पेश गर्ने ।

(च) प्राविधिक क्याम्पस संचालन गर्नको लागि नेपाल सरकारबाट मनसायपत्र (LOI) लिनु पर्ने व्यवस्था भएकोले त्यसरी मनसायपत्र लिने संघ संस्थाले त्रि.वि.संग सम्बन्धन लिन चाहेको भए मनसायपत्र लिनु भन्दा अगाडी त्रि.वि.को स्वीकृति लिनु पर्नेछ । त्यसका लागि निजी संघ

संस्थाले विस्तृत प्राविधिक प्रस्ताव पेश गर्नु पर्ने र त्यसरी पेश भएका प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्न लगाई मापदण्ड र शर्तहरू पुरा गरेको देखिएमा नेपाल सरकारसंग मनसायपत्र लिनका लागि स्वीकृति दिन कार्यकारी परिषदमा प्रस्ताव पेश गर्ने ।

(छ) निजी तथा सामुदायिक क्षेत्रमा सञ्चालित प्राविधिक र अप्राविधिक क्याम्पसहरूको वर्गिकरण र स्तर निर्धारण गर्ने गराउने ।

(ज) विश्वविद्यालयको सम्बन्धन सम्बन्धी नीति परिमार्जन वा संशोधन गर्न आवश्यक देखिएमा संशोधनको प्रस्ताव तयार गरी उपकुलपति समक्ष पेश गर्ने ।

(झ) सम्बन्धनका सम्बन्धमा लागु रहेको सम्बन्धन सम्बन्धी नीतिको प्रत्येक दुई दुई वर्षमा पुनरावलोकन गर्ने ।

(ञ) सम्बन्धनसम्बन्धी अभिलेख राखी शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने, अद्यावधिक गर्ने र प्रकाशन गर्ने ।

(ट) सम्वन्धन सम्वन्धी जानकारी त्रि.वि. वेव साइटमा समावेश गरी प्रचार प्रसार गर्ने

(ठ) स्थापित शैक्षिक व्यवस्थापन सूचना प्रणालीको आधारमा सम्बन्धन दिने योजना तर्जुमा गरी स्वीकृतिको लागि उपकुलपति समक्ष पेश गर्ने ।

(ड) निजी क्षेत्र, स्थानीय निकाय, संघसंस्था एवं विभिन्न शैक्षिक प्रतिष्ठानले निजी-साझेदारीमा त्रि.वि.बाट सम्बन्धन लिई संचालन गर्न चाहेमा त्यस्ता संस्था एवं निकायहरूले स्वीकृतिको लागि समिति समक्ष निवेदन दिन सक्नेछन् । त्यसरी पर्न आएका निवेदन उपर स्थलगत निरीक्षण गरी गराई उपयुक्त देखिएमा निजी-साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी स्वीकृतिका लागि त्रि.वि. कार्यकारी परिषदसमक्ष सिफारिश गर्ने ।

(ढ) त्रि.वि.कार्यकारी परिषदको निर्देशन अनुसार अन्य कार्य गर्ने गराउने ।

(५) उच्च स्तरीय समितिको वैठक

(क) उच्चस्तरीय समितिको वैठक आवश्यकतानुसार वस्नेछ । तर हरेक ६ महिनामा एक वैठक अनिवार्य रुपमा वस्नु पर्नेछ ।

(ख) वैठकमा भाग लिए वापत त्रि.वि. नियमअनुसार वैठक भत्ता पाउने छन् ।

(ग) निर्णय गर्दा वहुमतको आधारमा हुनेछ ।

(घ) वैठकमा ५१ प्रतिशत संख्यालाई गणपूरक सख्या मानिनेछ ।

परिच्छेद –३

योजना निर्देशनालय

(१) विश्वविद्यालयको योजना तर्जुमा, सम्बन्धन सम्बन्धी व्यवस्था, अनुगमन, मानव संशाधनको व्यवस्थापन लगायतका काम कारवाही गर्नको लागि त्रि.वि. उपकुलपति कार्यालय अन्तर्गत एक योजना निर्देशनालय रहनेछ ।

(२) योजना निर्देशनालयमा पुरा समय काम गर्ने गरी एक योजना निर्देशक र तीन जना उपनिर्देशक रहनेछन् ।

(३) योजना निर्देशकको नियुक्तिका लागि सिफारिश गर्न उपकुलपतिले एक जना प्राध्यापक संयोजक र सह प्राध्यापक सदस्य रहेको तीन सदस्य समिति गठन गर्नेछ र त्यसरी गठित समितिको सिफारिशमा कार्यकारी परिषदले निर्देशकको नियुक्ति गर्नेछ । गठित समितिले निर्देशकको नियुक्तिको लागि ३ जनाको नाम सिफारिश गर्नु पर्नेछ ।

(४) उप निर्देशकको नियुक्तिको लागि निर्देशकले ३ जना व्यक्तिको नाम कार्यकारी परिषदमा सिफारिश गर्नु पर्नेछ ।

(५) निर्देशक र उपनिर्देशकको पदावधि ४ वर्षको हुनेछ ।

(६) निर्देशकको पदमा नियुक्त हुनका लागि त्रि.वि.को वहालवाला प्राध्यापक र उपनिर्देशकको लागि कम्तीमा सह प्राध्यापक हुनु पर्नेछ ।

(७) दुई पटक भन्दा बढी पदावधिका लागि एउटै व्यक्ति उपरोक्त वमोजिमको पदमा नियुक्ति हुने छैन ।

(८) योजना निर्देशकको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) सम्बन्धन सम्बन्धी आधार तथा शर्तहरू निर्धारण गरी कार्यकारी परिषदमा स्वीकृतिको लागि सिफारिश गर्ने ।

(ख) नयाँ क्याम्पस तथा कार्यक्रमको लागि त्रि.वि. कार्यकारी परिषदको स्वीकृतिमा सूचना प्रकाशित गर्ने ।

(ग) उपकुलपतिको परामर्श लिई प्रस्तावित क्याम्पसको सम्भाव्यता अध्ययन गर्न शिक्षाध्यक्षद्वारा सम्बन्धित डीन कार्यालयबाट सम्बन्धित विषयका विशेषज्ञहरूको नाम माग गरी टोली गठन गर्ने कार्यमा सहयोग गर्ने र नयाँ सम्बन्धन तथा नयाँ कार्यक्रमका लागि पर्न आएका निवेदनहरू उपर छानविन गरी सम्भावता अध्ययन गर्ने गराउने ।

(घ) सम्भावता अध्ययन पछि सम्बन्धित विद्यापरिषदबाट सिफारिश भई आएका क्याम्पसहरूलाई सम्बन्धन स्वीकृतिका लागि कार्यकारी परिषद्मा सिफारिश गर्ने ।

(ङ) सम्बन्धन शुल्क, धरौटी, सेवा शुल्क लगायतका अन्य शुल्क निर्धारण गर्नका लागि कार्यकारी परिषद् समक्ष पेश गर्ने ।

(च) सम्बन्धन प्राप्त क्याम्पसहरूको श्रेणी विभाजनको लागि मापदण्ड तयार गरी कार्यकारी परिषदमा सिफारिश गर्ने ।

(छ) सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन निरीक्षण गर्ने गराउने ।

(ज) कार्यकारी परिषदबाट निर्णय भई आएका सम्बन्धन सम्बन्धी निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(झ) तोकिएको मापदण्ड तथा शर्तहरू पुरा नगर्ने क्याम्पसहरूको सम्बन्धन खारेजी वा स्थगनका लागि प्रकृया पुरा गरी कार्यकारी परिषद्मा सिफारिश गर्ने ।

(ञ) सम्बन्धन नविकरणको लागि नविकरणका आधारहरू निर्धारण गरी सूचना प्रकाशित गर्ने र प्रकृया पुरा गरी स्वीकृतिका लागि कार्यकारी परिषदमा सिफारिश गर्ने ।

(ट) विश्वविद्यालयको नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ठ) विश्वविद्यालयको लागि आवश्यक पर्ने मानव शंशाधन व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गर्नुका साथै आवश्यक तालिमको व्यवस्था मिलाउने ।

(ड) आवश्यकता अनुसार विभिन्न समिति र उपसमितिहरू गठन गर्ने गराउने ।

(ढ) योजना निर्देशनालय अन्तर्गतका विभिन्न निकायलाई आवश्यक निर्देशन दिने ।

(ण) उच्चस्तरीय समितिको सदस्य सचिव भई काम गर्ने ।

(त) त्रि.वि.का पदाधिकारीहरूले दिएका निर्देशानुसार अन्य कार्यहरू गर्ने ।

परिच्छेद -४

सम्बन्धन सम्बन्धी व्यवस्था

(१) **सम्बन्धन लिनुपर्ने**

त्रिभुवन विश्वविद्यालयको अध्ययन संस्थान वा संकाय अन्तर्गतका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले त्रि.वि. ऐन नियम, सम्बन्धित अध्ययन संस्थान वा संकायको मापदण्ड पुरा गर्ने गरी विश्वविद्यालयसँग सम्बन्धन लिन सक्नेछ ।

(२) **आवेदन दिनु पर्ने**

(क) कार्यकारी परिषदको स्वीकृत वमोजिम योजना निर्देशनालयले नयाँ क्याम्पस सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाको लागि सम्बन्धित अध्ययन संस्थान तथा संकायका सम्बन्धित डीनको कार्यालयले निर्धारण गरेका सर्त र आधारहरू समेत तोकी सूचना प्रकाशित गर्नेछ । तर अध्ययन संस्थान अन्तर्गत नयाँ सम्बन्धन लिई क्याम्पस संचालन गर्न चाहने संस्था वा व्यक्तिबाट प्राविधिक प्रस्ताव माग गर्नु पर्नेछ । यसरी पेश भएका प्रस्तावहरुको अध्ययन तथा निरिक्षण गरी प्राप्त भएका प्रतिवेदनको आधारमा कार्यकारी परिषदले उक्त प्रस्ताव स्वीकृत गरेको खण्डमा मात्र नेपाल सरकार शिक्षा मन्त्रालयसंग मनसायपत्र (LOI) लिन स्वीकृति पत्र दिनेछ । नेपाल सरकारबाट मनसायपत्र (LOI) प्राप्त गरेपछि मात्र नियमानुसार प्रस्ताव पेश गर्नु पर्नेछ ।

(ख) त्रि.वि.बाट मनसायपत्र (LOI) लिन प्रस्ताव पेश नगरेका संस्था वा व्यक्तिले नेपाल सरकारबाट मनसायपत्र (LOI) लिएको भएतापनि त्यस्ता क्याम्पसहरूको सम्बन्धन सम्बन्धी प्रकृया अगाडी बढाइने छैन ।

(ग) तोकिएको समयभित्र योजना निर्देशनालयमा रितपूर्वको प्रस्तावको साथमा कार्यकारी परिषदले तोकेको दस्तुर वैंकमा वुझाई वैंक भौचर समेत साथमा राखी पेश गर्नु पर्नेछ ।

(घ) माथि (क) वमोजिम पर्न आएका आवेदनहरूको योजना निर्देशनालयले सम्भाव्यता अध्ययन गर्न गराउन सम्बन्धित डीन कार्यालयलाई पत्राचार गर्नेछ ।

(ङ) सम्बन्धित विद्यापरिषदले उच्च स्तरीय समितिको स्वीकृतिमा विशेषज्ञहरूको टोली वनाई सम्भाव्यता अध्ययन गराउने छ ।

(च) सम्भाव्यता अध्ययन पछि सिफारिश भई आएका निवेदनहरू उपर छानविन गरी योजना निर्देशनालयले कार्यकारी परिषदमा सिफारिश गर्नु पर्नेछ ।

(छ) अध्ययन संस्थान/संकाय अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने क्याम्पसहरूलाई सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा कार्यकारी परिषदले विद्यार्थी भर्ना संख्या तोकि सम्बन्धन स्वीकृति प्रदान गर्नेछ ।

(३) **विषय, तह, र विद्यार्थी संख्या सम्बन्धी व्यवस्था**

(क) त्रि.वि.बाट सम्बन्धन लिई सञ्चालनमा रहेका क्याम्पसहरूले विद्यार्थी भर्ना संख्या वृद्धि गर्न, विषय थप गर्न, सम्बन्धित अध्ययन संस्थान वा संकाय अन्तर्गतको तह थप गर्नु पर्दा सम्बन्धित डीन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) यसरी पर्न आएका निवेदनहरू उपर डीन कार्यालयले छानविन गरी विशेषज्ञ टोलीद्वारा अनुगमन गराई विद्यापरिषदको सिफारिश सहित योजना निर्देशनालयमा पठाउनु पर्नेछ र त्यसरी पेश भएका प्रस्तावहरु योजना निर्देशनालयले स्वीकृतिका लागि कार्यकारी परिषदमा पेश गर्नु पर्नेछ ।

(४) **आवेदन साथ पेश गर्नु पर्ने कागजपत्रहरू**

सम्बन्धन लिन, कार्यक्रम थप गर्न र सम्बन्धन नविकरण गर्न चाहने क्याम्पसहरूले देहाय वमोजिमका कागजातहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछः

(१) **सामुदायिक क्याम्पसहरूको हकमा**

(क) क्याम्पस सञ्चालन हुने जग्गाको स्वामित्व वा सार्वजनिक जग्गा भए आधिकारीक निकायबाट भोगाधिकार प्राप्त गरेको जग्गा धनी लालपूर्जाको कागजपत्रहरू ।

(ख) त्रिभुवन विश्वविद्यालय वाहेक अन्य विश्वविद्यालय परीक्षा वोर्ड, परिषद आदिका कार्यक्रमहरू सञ्चालन नगर्ने प्रतिवद्धता पत्र ।

(ग) क्याम्पस सञ्चालन नियमावली, क्याम्पस संस्था दर्ताको प्रमाणपत्र ।

(घ) सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

(ङ) अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन ।

(च) स्थायी लेखा नम्वरको प्रतिलिपि ।

(छ) कर तिर्नु पर्ने भए कर तिरेको प्रमाणपत्र ।

(ज) समितिले तोके वमोजिमका अन्य कागजपत्रहरू ।

(झ) प्राविधिक तथा व्यावसायिक कार्यक्रम सञ्चालन गर्न चाहने क्याम्पसहरूले सम्बन्धी अध्ययन संस्थानको मापदण्ड पुरा गर्ने प्रतिवद्धता ।

(ञ) त्रि.वि.लाई वुझाउनु पर्ने शुल्क वुझाएको प्रमाण ।

(२) **निजी क्षेत्रबाट सञ्चालित क्याम्पसहरूको हकमा**

(क) क्याम्पस सञ्चालन हुने घर जग्गाको स्वामित्व सम्बन्धी कागजपत्र (लालपूर्जा) ।

(ख) क्याम्पसको आफ्नै स्वामित्वमा घर जग्गा नभए कम्तिमा १० वर्षसम्मका लागि वहाल लिएको सम्झौतापत्र र लालपूर्जा ।

(ग) त्रिभुवन विश्वविद्यालय वाहेक अन्य विश्वविद्यालय, परीक्षा वोर्ड परिषद आदिको कार्यक्रम सञ्चालन नगर्ने प्रतिबद्धतापत्र ।

(घ) सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

(ङ) प्रचलित कानुन वमोजिम सम्बन्धित निकायमा संस्था दर्ता गरेको प्रमाणपत्र एवं प्रवन्ध पत्र ।

(च) क्याम्पस संचालन सम्बन्धी नियमावली ।

(छ) लेखा परीक्षण प्रतिवेदन ।

(ज) प्राविधिक तथा व्यावसायिक कार्यक्रम सञ्चालन गर्न चाहने क्याम्पसहरूले सम्बन्धी अध्ययन संस्थानको मापदण्ड पुरा गर्ने प्रतिवद्धता ।

(झ) त्रि.वि.लाई वुझाउनु पर्ने शुल्क वुझाएको प्रमाण ।

(३). **सम्बन्धन नविकरण सम्बन्धी व्यवस्था**

(क) अस्थायी सम्बन्धन स्वीकृत प्राप्त क्याम्पसले आफूले स्वीकृत पाएको कार्यक्रम सोही शैक्षिक वर्षमा सुरु गरी तीन महिना भित्र सोको विवरण सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालय पठाउनु पर्नेछ ।

(ख) अस्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूले प्रत्येक आर्थिक वर्षमा आफ्नो क्याम्पसको शैक्षिक एवं आर्थिक, प्रशासनीक विवरण सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पठाउनु पर्नेछ ।

(ग) अस्थायी सम्बन्धन प्राप्त क्याम्पसले आफूले पाएको सञ्चालन अनुमति समाप्त हुनुभन्दा करीव ६ महिना अगाडी सम्पूर्ण शैक्षिक, आर्थिक र प्रशासनिक गतिविधि सहितको प्रतिवेदन सम्बन्धन नविकरण गराउनका लागि सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा निवेदन दिनु पर्नेछ ।

(घ) सम्बन्धन नविकरणको लागि निवेदन नदिने क्याम्पसको सम्बन्धन नविकरण नभई स्वतः रद्द हुनेछ । त्यसरी सम्बन्धन रद्द भएको अवस्थामा अध्ययनको लागि भर्ना भएका विद्यार्थीहरूको जिम्मेवारी सम्बन्धित क्याम्पसकै हुनेछ ।

(ङ) हरेक वर्ष सम्बन्धन नविकरण भएका क्याम्पसहरूको सूचि उच्चस्तरीय समितिले अध्यावधिक गर्न योजना निर्देशनालयलाई निर्देशन दिनेछ । सो को जानकारी सम्बन्धित डीन कार्यालय र योजना निर्देशनलयको Website मा राखिनेछ ।

(५) स्थायी सम्बन्धन सम्बन्धी व्यवस्था

(क) विश्वविद्यालयबाट अस्थायी सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका क्याम्पसहरूले स्थायी सम्बन्धनका लागि समिति समक्ष निवेदन दिन सक्नेछन्:

(अ) अस्थायी स्वीकृति प्राप्त गरेको कम्तीमा ५ वर्ष पूरा भएको,

(आ) क्याम्पसको आफ्नै जग्गा र भवनमा सञ्चालन भएको,

(इ) अघिल्लो ३ वर्षको नतिजाको विवरण,

(ई) विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रमाणपत्र प्राप्त गरेको,

(उ) प्राविधिक क्याम्पसको हकमा Medical शिक्षातर्फ चिकित्साशास्त्र अध्ययन संस्थान र नेपाल मेडिकल काउन्सिलको मापदण्ड पुरा गरेको,

(ऊ) इन्जिनीयरिङ्ग प्राविधिकतर्फ इन्जिनीयरिङ्ग अध्ययन संस्थान र नेपाल इन्जिनीयरिङ्ग काउन्सिलको मापदण्ड पुरा गरेको,

(ऐ) कृषि तथा वन अध्ययन संस्थानतर्फ सम्बन्धित अध्ययन संस्थानको मापदण्ड पुरा गरेको,

(ऐ) पूर्णकालीन शिक्षक कर्मचारीको व्यवस्था भएको,

(ओ) नियमित रुपमा विश्वविद्यालयलाई वुझाउनु पर्ने शुल्कहरू वुझाएको,

(औ) सम्बन्धित कलेजको कम्तीमा ५ वर्षको आय व्ययको लेखा परिक्षण प्रतिवेदन ।

(ख) दफा ५ (क) वमोजिम निवेदन दिने क्याम्पसहरूको निवेदन उपर समितिले सम्बन्धित डीन कार्यालय मार्फत अनुगमन गराइ सोको प्रतिवेदनको आधारमा सिफारिश सहित योजना निर्देशनालयमार्फत कार्यकारी परिषदमा पेश गर्नेछ ।

(ग) कार्यकारी परिषदले सर्त र आधारहरू तोकी बढीमा १० वर्षका लागि स्थायी सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(घ) स्थायी सम्बन्धन प्राप्त क्याम्पसले आफ्नो प्रत्येक आर्थिक वर्षमा आफ्नो शैक्षिक, आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन एवं प्रशासनिक गतिविधिहरूको विवरण सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

(ङ) स्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूले विश्वविद्यालयले तोके अनुसारको शुल्क नियमित रुपमा बुझाउनु पर्नेछ ।

(च) स्थायी सम्बन्धनको अवधि समाप्त हुन भन्दा कम्तिमा ६ महिना अगाडी आफ्ना गतिविधिहरूको विवरण सहित सम्बन्धन नविकरणका लागि समिति समक्ष निवेदन गर्नुपर्नेछ ।

(छ) नविकरणका लागि पर्न आएका निवेदनहरू उपर सम्बन्धित डीन कार्यालय मार्फत अनुगमन गराई प्राप्त प्रतिवेदन योजना निर्देशनालय मार्फत कार्यकारी परिषदमा पेश गर्नु पर्नेछ ।

(ज) कार्यकारी परिषदले उक्त प्रतिवेदन उचित ठहऱ्याएमा पुन १० वर्षका लागि स्थायी सम्बन्धन दिनेछ ।

(झ) स्थायी सम्बन्धन नविकरण हुन नसकेमा २ वर्षको अस्थायी सम्बन्धन प्रदान गरिनेछ ।

(ञ) सम्बन्धन नविकरणको लागि निवेदन नदिने क्याम्पसको सम्बन्धन स्वतः स्थगित हुनेछ ।

परिच्छेद ५

सम्बन्धन प्राप्त क्याम्पसहरूको काम कर्तव्य

(१) **सम्बन्धन प्राप्त क्याम्पसको काम कर्तव्य**

सम्बन्धन प्राप्त क्याम्पसहरूको काम कर्तव्य देहाय वमोजिम हुनेछः

(क) विश्वविद्यालयले लिएको प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा विद्यार्थी भर्ना लिनुपर्नेछ ।

(ख) विश्वविद्यालयले तोकेको न्यूनतम योग्यता र प्रकृया अनुसार शिक्षक कर्मचारीहरूको भर्ना गनु पर्नेछ ।

(ग) विद्यार्थीका लागि विश्वविद्यालयले तोके वमोजिम छात्रवृत्ति कोटा उपलब्ध गराउनु पर्नेछ ।,

(घ) विश्वविद्यालयले तोके वमोजिम पठन पाठनको न्यूनतम गुणस्तर कायम राख्नु पर्नेछ ।

(ङ) सम्बन्धन प्राप्त क्याम्पसहरूले स्वीकृत प्राप्त शैक्षिक कार्यक्रमहरू मात्र पठन पाठन गराउनु पर्नेछ ।

(च) सम्बन्धन प्राप्त क्याम्पसहरूले स्वीकृत प्राप्त संख्यामा मात्र विद्यार्थीहरू भर्ना लिनु पर्नेछ ।

(छ) सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन स्वीकृति लिए वापत सम्बन्धित निकायमा तोके अनुसारको शुल्क समयमानै वुझाउनु पर्नेछ ।

(ज) सम्बन्धन प्राप्त क्याम्पसहरूले संचालन गरेका शैक्षिक कार्यक्रमहरूको विवरण प्रत्येक शैक्षिक वर्ष शुरु हुनु अगावै सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(झ) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफुले संचालन गरेका शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीहरूको प्रगति विवरण तोकिएको ढाँचामा प्रत्येक शैक्षिक वर्षको परीक्षाफल प्रकाशित भएको मितिले ३ महिना भित्र सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ञ) सम्बन्धन प्राप्त क्याम्पसहरूले क्याम्पसमा कार्यरत पूर्णकालीन र आशिक शिक्षकहरूको शैक्षिक योग्यता सहितको यर्थाथ विवरण सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा वार्षिक रुपमा पेश गर्नु पर्नेछ ।

(ट) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफुले संचालन गरेका शैक्षिक कार्यक्रमहरूका लागि विद्यार्थीबाट उठाउने शुल्कको यथार्थ र अध्यावधिक विवरण वार्षिक रुपमा सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ठ) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफ्नो क्याम्पसको वार्षिक आय-व्ययको नेपाल सरकारमा दर्ता रहेका लेखा परिक्षकबाट लेखा परिक्षण गराई सोको पूर्ण विवरण सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ड) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफुले संचालन गरेका शैक्षिक कार्यक्रमहरूका लागि प्रयोग गरिएका भौतिक सम्पत्तिहरूको विवरण सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ढ) सम्बन्धन प्राप्त क्याम्पसहरूले त्रि.वि. ऐन नियम, विनियम, कार्यप्रणाली र आवश्यकता अनुसार योजना निर्देशनालय र सम्बन्धित डीन कार्यालय एवं सम्बन्धित निकायले दिएका निर्देशनहरू पालना गर्नु पर्नेछ ।

(ण) सम्बन्धन प्राप्त क्याम्पसहरूले वार्षिक लेखा परीक्षण, लेखा परीक्षण सम्पन्न भएको मितिले १ महिना भित्रमा योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(त) विश्वविद्यालयले मागेका विवरण तथा सूचनाहरू समयमै उपलब्ध गराउनु पर्नेछ ।

(थ) सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकलाई विश्वविद्यालयले कुनै काममा खटाउँदा स्वीकृति दिनुपर्नेछ ।

(द) विश्वविद्यालयले परीक्षा संचालन गर्दा हल, कक्षा कोठा, प्रयोगशाला एवं अन्य जनशक्ति एवं अन्य भौतिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ध) त्रि.वि. कार्यकारी परिषद, उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारबाट प्राप्त निर्देशनलाई पालना गर्नु पर्नेछ ।

परिच्छेद ६

सम्बन्धन प्राप्त क्याम्पसहरूको वर्गिकरण

१. **विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित क्याम्पसहरूलाई देहायवमोजिम वर्गिकरण गरिनेछ :**

(क) **समुदायिक क्याम्पस**

विश्वविद्यालयबाट स्वीकृति लिई मुनाफाको उद्देश्य नराखी समुदाय, सहकारी वा स्थानीय निकायबाट सञ्चालित क्याम्पसहरूलाई विश्वविद्यालयले सामुदायिक क्याम्पसको रुपमा मान्यता प्रदान गर्न सक्नेछ ।

(ख) **निजी क्याम्पस**

१. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरी त्रि.वि.बाट निजी स्तरमा क्याम्पस संचालन गर्ने गरी स्वीकृत प्राप्त क्याम्पसहरू,

२. प्रचलित नेपाल कानुन वमोजिम संस्था दर्ता गराई संचालित क्याम्पसहरु ।

परिच्छेद ७

शुल्क सम्बन्धी व्यवस्था

(१) विश्वविद्यालयसंग सम्बन्धन लिई सञ्चालित क्याम्पसहरूले कार्यकारी परिषदले तोके वमोजिम निम्न अनुसार कोष, धरौटी र शुल्क बुझाउनु पर्नेछ :

(क) **सम्बन्धन शुल्क**

विश्वविद्यालयसँग सम्बन्धन लिई कार्यक्रम सञ्चालन गर्ने क्याम्पसहरूले विश्वविद्यालयले समय समयमा तोके वमोजिमको सम्बन्धन शुल्क बुझाउन पर्नेछ ।

(ख) **सेवा शुल्क**

१. सामुदायिक क्याम्पसहरूले प्रत्येक वर्ष प्रति विद्यार्थी एक महिनाको शिक्षण शुल्क बराबरको रकम सेवा शुल्क वापत विश्वविद्यालयलाई बुझाउनु पर्नेछ ।

२. सम्बन्धन प्राप्त क्याम्पसहरूले प्रत्येक वर्ष विद्यार्थी भर्नाको सूचना प्रकाशित गर्दा उक्त कार्यक्रम पूरा गर्न लाग्ने सम्पूर्ण शुल्क सार्वजनिक गर्नु पर्नेछ । सोको विवरण आवेदन फाराम साथ उपलब्ध गराउनु पर्नेछ र विद्यार्थी संख्या र शुल्क सम्बन्धी विवरण क्याम्पसको Website मा समेत राख्नु पर्नेछ । पूर्व प्रकाशित शुल्क अनुसार भर्ना भएका विद्यार्थीहरूलाई उक्त कार्यक्रम पुरा नगर्दै शुल्क बृद्धि गर्न पाइने छैन ।

३. निजी क्याम्पसहरूले कुनै पनि कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूबाट सो कार्यक्रम पुरा गर्न लाग्ने सम्पूर्ण शुल्कको न्यूनतम १.५ प्रतिशत शुल्क विश्वविद्यालयलाई बुझाउनु पर्नेछ । विद्यार्थी संख्या र शुल्क सम्बन्धी विवरण क्याम्पसको Website मा समेत राख्नु पर्नेछ । पूर्व प्रकाशित शुल्क अनुसार भर्ना भएका विद्यार्थीहरूलाई उक्त कार्यक्रम पुरा नगर्दै शुल्क बृद्धि गर्न पाइने छैन ।

४. निःशुल्क वा नेपाल सरकारको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको हकमा भने सेवा शुल्क लाग्ने छैन ।

(ग) **अनुगमन निरीक्षण शुल्क**

सम्बन्धन प्राप्त क्याम्पसहरूले विश्वविद्यालयले तोके वमोजिम अनुगमन निरीक्षण शुल्क विश्वविद्यालयलाई बुझाउनु पर्नेछ । यस्तो शुल्कबाट निरीक्षण खर्च व्यहोरिने छ ।

(घ) **परीक्षा सम्बन्धी शुल्क**

विश्वविद्यालयको परीक्षामा आवेदन गर्ने प्रत्येक विद्यार्थीहरूले विश्वविद्यालयले समय समयमा तोके वमोजिमको परीक्षा सम्बन्धी शुल्क बुझाउनु पर्नेछ ।

(ङ) **रजिष्ट्रेशन शुल्क**

विश्वविद्यालयमा दर्ता (Registration) हुने सबै विद्यार्थीहरूले विश्वविद्यालयले तोके वमोजिम रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ ।

(च) **प्रमाणपत्र शुल्क/दीक्षान्त शुल्क**

विश्वविद्यालयबाट उत्तीर्ण सबै विद्यार्थीहरूले त्रि.वि.ले तोके वमोजिम प्रमाणपत्र शुल्क र दीक्षान्त शुल्क बुझाउनु पर्नेछ ।

(छ) **धरौटी शुल्क**

विश्वविद्यालयबाट सम्बन्धन लिई शैक्षिक कार्यक्रम सञ्चालन गर्ने क्याम्पसहरूले विश्वविद्यालयले निर्णय गरे वमोजिम धरौटी र कोष राख्नु पर्नेछ ।

(ज) **नविकरण शुल्क**

सम्बन्धन प्राप्त क्याम्पसहरूले विश्वविद्यालयले समय समयमा तोके वमोजिमको सम्बन्धन नविकरण शुल्क बुझाउनु पर्नेछ ।

परिच्छेद ८

प्रस्तावित क्याम्पसहरुले पूरा गर्नु पर्ने शर्तहरु

प्रस्तावित प्राविधिक क्याम्पसले पुरा गर्नु पर्ने शर्तहरू

१. त्रि.वि.बाट प्राविधिक प्रस्ताव स्वीकृत भएपछि नेपाल सरकार, शिक्षा मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्ने मनशायपत्र Letter of Intent प्राप्त गरेको हुनुपर्ने र नेपाल सरकार/सम्बन्धित अध्ययन संस्थानबाट तोकिएका मापदण्ड र शर्तहरू अनिवार्य रुपमा पूरा गरेको हुनुपर्नेछ ।

२. भौगोलिक क्षेत्रको साथै जनघनत्वको आधारमा सम्बन्धन दिने नीति अनुरुप दुगर्म क्षेत्र र दूरदराजका जिल्लामा सम्बन्धन लिन चाहने क्याम्पसहरूलाई सम्बन्धन प्रदान गर्न प्राथमिकता दिइने छ ।

३. सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसहरूले सम्बन्धित अध्ययन संस्थानले तयार पारेको Norms and Standards पुरा गरेर मात्र आवेदन दिन सक्नेछन् ।

४. सम्बन्धन लिन चाहने क्याम्पसहरूको भौतिक संरचना र सम्पत्ति संस्थाको नाममा हुनु पर्नेछ र उक्त संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हुनु पर्नेछ ।

५. सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसको आर्थिक अवस्था मजवूत हुनु पर्नेछ । चिकित्सातर्फ खातामा कम्तीमा रु. १० करोड, इन्जिनीयरिंगतर्फ कम्तीमा ५ करोड, वनविज्ञानतर्फ, कृषितर्फ कम्तीमा रु. ५० लाख खातामा जम्मा भएको हुनुपर्नेछ ।

६. कार्यक्रम लिन चाहने क्याम्पसले कुन कार्यक्रमा संचालन गर्न चाहेको हो सोको विस्तृत विवरण प्रस्तुत गर्नु पर्नेछ र सो सम्बन्धमा त्रि.वि.बाट भएको निर्णयअनुसार गर्नु पर्नेछ । पूर्वाधार नपुगेको खण्डमा कुनै कार्यवाही गरिने छैन ।

७. त्रि.वि.बाट सम्बन्धन लिंदा त्रि.वि.लाई सम्बन्धन शुल्क वापत चिकित्सातर्फ रु. ५ करोड, इन्जिनियरिंगतर्फ रु. १ करोड, वन विज्ञान/कृषितर्फ रु. १० लाख शुल्क त्रि.वि.ले तोकेको केन्द्रीय कोषको खातामा जम्मा गर्नुपर्नेछ । यसका साथै अक्षयकोषको लागि चिकित्सातर्फ ५ करोड, इन्जिनीयरिंग तर्फ १ करोड र कृषि र वनविज्ञान तर्फ २५ लाख नेपाल राष्ट्र वैंकबाट स्वीकृत "क" वर्गको वाणिज्य वैंकमा जम्मा गर्नुपर्नेछ । साथै प्रयोगात्मक कक्षा र अभ्यास शिक्षण कार्यक्रमको लागि लाग्ने रकम सम्बन्धित क्याम्पसबाट नै व्यहोर्नु पर्नेछ ।

८. सम्बन्धन प्राप्त क्याम्पसले प्रति विद्यार्थी प्रति वर्ष विद्यार्थी शुल्कको पुरा रकमको १.५ प्रतिशत सेवा शुल्क बापत त्रि.वि.लाई वुझाउनु पर्नेछ ।

९. विद्यार्थी शुल्क वार्षिक किस्ता वन्दीमा मात्र लिन पाइनेछ ।

१०. जुन ठाउँमा सम्भाव्यता अध्ययन भई कार्यक्रम संचालन गर्न स्वीकृत दिएको छ त्यही ठाउँमा क्याम्पस संचालन गर्नु पर्नेछ । त्रि.वि.को स्वीकृति वेगर अयन्त्र स्थानान्तरण गर्न पाइने छैन ।

११. कारणवंश संस्थापकहरूले क्याम्पस संचालन गर्न नसक्ने स्थिति भएमा क्याम्पसको सम्पूर्ण भौतिक सम्पत्ति र शैक्षिक सामग्री त्रि.वि. लाई हस्तान्तरण गर्नु पर्नेछ र नयाँ भर्ना लिन पाइने छैन । तर भर्ना भएका विद्यार्थीहरूको कोर्श लगायतको अन्य दायित्व पुरा गर्ने जिम्मेवारी भने क्याम्पसको हुनेछ ।

१२. नेपाल सरकार र त्रि.वि. निर्णयानुसारको छात्रवृत्ति सम्बन्धी व्यवस्था लागु हुनेछ ।

१३. उपरोक्त अनुसारका सबै मापदण्ड पूरा भएतापनि त्रि.वि.ले आफ्नो आवश्यकता र क्षमताका आधारमा मात्र सम्बन्धन दिनेछ ।

१४. सम्बन्धित अध्ययन संस्थानबाट भएको निर्णय पालना गर्नु पर्नेछ ।

प्रस्तावित अप्राविधिक क्याम्पसले पुरा गर्नु पर्ने शर्तहरूः

१. भौगोलिक क्षेत्रको साथै जनघनत्वको आधारमा सम्बन्धन दिने नीति अनुरुप दुगर्म क्षेत्र र दूरदराजका जिल्लामा सम्बन्धन लिन चाहने क्याम्पसहरूलाई सम्बन्धन प्रदान गर्न प्राथमिकता दिइने छ ।

२. सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसहरूले सम्बन्धित विज्ञान तथा प्रविधि अध्ययन संस्थान/संकायहरुले तयार पारेको Norms and Standards पुरा गरेर मात्र आवेदन दिन सक्नेछन् ।

३. सम्बन्धन लिन चाहने क्याम्पसहरूको भौतिक संरचना र सम्पत्ति सम्बन्धित संस्थाको नाममा हुनु पर्नेछ यदि त्यस्तो संस्थाको नाममा नभएको खण्डमा कम्तीमा १० वर्षको लागि लिजमा दिएको हुनुपर्नेछ । सोको लागि जग्गा घनी लाजपूर्जा र सम्झौतापत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसको आर्थिक अवस्था मजवूत हुनु पर्नेछ ।

५. कार्यक्रम लिन चाहने क्याम्पसले कुन कार्यक्रम संचालन गर्न चाहेको हो सोको विस्तृत विवरण प्रस्तुत गर्नु पर्नेछ र सो सम्बन्धमा त्रि.वि.बाट भएको निर्णयअनुसार गर्नु पर्नेछ । पूर्वाधार नपुगेको खण्डमा कुनै कार्यवाही गरिने छैन ।

६. त्रि.वि.बाट सम्बन्धन लिंदा त्रि.वि.लाई व्यवस्थापन, विज्ञान, शिक्षाशास्त्र, मानविकी र कानुनतर्फ प्रति तह र प्रति कार्यक्रम रु. ५ लाख सम्बन्धन शुल्क वापत त्रि.वि.ले तोकेको केन्द्रीय कोषमा जम्मा गर्नुपर्नेछ ।

७. त्रि.वि.बाट सम्बन्धन लिंदा त्रि.वि.लाई सम्बन्धन शुल्क वापत विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा र कानुनतर्फ अक्षयकोषको लागि प्रति कार्यक्रम रु. १० लाख नेपाल राष्ट्र वैंकबाट स्वीकृत "क" वर्गको वाणिज्य वैंकमा जम्मा गर्नुपर्नेछ ।

८. सम्बन्धन प्राप्त क्याम्पसले प्रति विद्यार्थी प्रति वर्ष विद्यार्थी शुल्कको कुल रकमको १.५ प्रतिशत सेवा शुल्क बापत त्रि.वि.लाई वुझाउनु पर्नेछ ।

९. विद्यार्थी शुल्क वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

१०. जुन ठाउँमा सम्भाव्यता अध्ययन भई कार्यक्रम संचालन गर्न स्वीकृत दिएको छ त्यही ठाउँमा क्याम्पस संचालन गर्नु पर्नेछ । त्रि.वि.को स्वीकृति विना अन्यत्र स्थानत्तरण गर्न पाइने छैन ।

११. कारणवंश संस्थापकहरूले क्याम्पस संचालन गर्न नसक्ने स्थिति भएमा क्याम्पसको सम्पूर्ण भौतिक सम्पत्ति र शैक्षिक सामग्री त्रि.वि. लाई हस्तान्तरण गर्नु पर्नेछ र नयाँ भर्ना लिन पाइने छैन । तर भर्ना भएका विद्यार्थीहरूको कोर्श र अन्य दायित्व पुरा गर्ने जिम्मेवारी भने क्याम्पसको हुनेछ ।

१२. त्रि.वि. निर्णयानुसारको छात्रवृत्ति सम्बन्धी व्यवस्था लागु हुनेछ ।

१३. उपरोक्त अनुसारका सबै मापदण्ड पूरा भएतापनि त्रि.वि.ले आफ्नो आवश्यकता र क्षमताका आधारमा मात्र सम्बन्धन दिन सक्नेछ ।

१४. सम्बन्धित अध्ययन संस्थान/संकायबाट भएको निर्णय पालना गर्नु पर्नेछ ।

परिच्छेद ९

विद्यार्थी भर्ना, छात्रवृत्ति तथा विद्यार्थी कल्याण सम्बन्धी व्यवस्था

(१) सम्बन्धन प्राप्त क्याम्पसले विद्यार्थी भर्ना व्यवस्थित गर्नका लागि निम्नअनुसार व्यवस्था गर्नु पर्नेछ :

(क) विद्यार्थी भर्ना गर्दा प्राज्ञिक परिषदले तोकेको शैक्षिक योग्यता र मापदण्डका आधारमा सम्बन्धित अध्ययन संस्थान/संकायले संचालन गरेको प्रवेश परीक्षाबाट उत्तीर्ण गरेको विद्यार्थीहरुलाई योग्यताक्रमको आधारमा भर्ना गर्नु पर्नेछ ।

(ख) आवेदन शुल्क, प्रवेश परीक्षा शुल्क, भर्ना शुल्क र शिक्षण शुल्क त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदले तोके अनुसार हुनेछ ।

(ग) अध्ययन संस्थान/संकायहरुले संचालन गरेका प्रवेश परीक्षा वापत प्राप्त हुने शुल्कको २५ प्रतिशत त्रि.वि. केन्द्रीय कोषमा दाखिला गर्नु पर्नेछ ।

(२) सम्बन्धन प्राप्त प्रत्येक क्याम्पसमा एक छात्रवृत्ति तथा विद्यार्थी कल्याण कोष रहनेछ । जसबाट निम्नानुसारको खर्च व्यहोरिने छ :

(क) जेहेन्दार छात्रवृत्ति

विश्वविद्यालयसँग सम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक तह र कार्यक्रममा प्रत्येक वर्ष उत्कृष्ट नतिजा प्राप्त गर्ने कम्तिमा १ जना छात्र र १ जना छात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गर्नु पर्नेछ ।

(ख) निःशुल्क छात्रवृत्ति

सम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक तह र कार्यक्रममा भर्ना हुने विद्यार्थीहरूमध्ये हरेक वर्ष १० प्रतिशतलाई निःशुल्क छात्रवृत्ति प्रदान गर्नु पर्नेछ । यसका लागि नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गतको सामुदायिक स्कूलबाट उर्त्तिण भएका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

परिच्छेद १०

मानव संसाधन तथा भौतिक पूर्वाधार विकास योजना

सम्बन्धन प्राप्त प्रत्येक क्याम्पसले अनिवार्य रुपमा आफ्नो क्याम्पसको मानव संसाधन, योजना तथा भौतिक पूर्वाधार विकास योजना निर्माण गरी सम्बन्धित डीन कार्यालय र योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

परिच्छेद ११

सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकहरूको स्तर निर्धारण

(१) **पदको वर्गिकरण**

(क) **सम्बन्धन प्राप्त क्याम्पसहरूमा देहायका शिक्षकहरू कार्यरत रहन सक्नेछन:**

१. प्राध्यापक
२. सह प्राध्यापक
३. उप प्राध्यापक
४. सहायक प्राध्यापक

(२) सम्बन्धन प्राप्त क्याम्पसहरूमा शिक्षकहरूको नियुक्ति गर्दा विश्वविद्यालयले तय गरेका मापदण्डका आधारमा गर्नु पर्नेछ । तर स्थायी नियुक्तिको हकमा भने छनौट तथा स्तर निर्धारण समितिले निर्धारण गरेको शैक्षिक एवं प्राज्ञिक मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

(३) सम्बन्धन प्राप्त क्याम्पसहरूले प्राध्यापक, सह प्राध्यापक, उप प्राध्यापक र सहायक प्राध्यापक पदमा नियुक्ति वा वढुवा प्रयोजनाका लागि वढुवा गर्नुपर्ने विषयगत शिक्षकहरूको सिट संख्या यकिन गरी योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ र निर्देशनालयले सोको आधारमा प्रस्ताव तयार गरी स्वीकृतिका लागि शिक्षाध्यक्ष मार्फत कार्यकारी परिषदमा पेश गर्नेछ । यसरी प्रस्ताव पेश हुन आएपछि कार्यकारी परिषदबाट स्तर निर्धारण तयार छनौट समितिमा पठाउने छ ।

(४) **शिक्षक/कर्मचारी छनौट समिति**

(क) सम्बन्धन प्राप्त क्याम्पसहरूमा कार्यरत शिक्षक/कर्मचारीहरूको नियुक्ति तथा बढुवा प्रयोजनाका लागि देहाय अनुसारको छनौट समिति गठन हुनेछ :

१. त्रि.वि. कार्यकारी परिषदले तोकेको प्राध्यापक	-अध्यक्ष
२. त्रि.वि. सेवा आयोगले तोकेको शिक्षक प्रतिनिधि	-सदस्य
३. सामुदायिक वा निजी क्याम्पसको प्रतिनिधि	-सदस्य

(ख) ४ (क) (३) वमोजिम सामुदायिक वा निजी क्याम्पसको शिक्षक/कर्मचारीको छनौट गर्दा सम्वन्धित सामुदायिक वा निजी क्याम्पसको हैसियतले प्रतिनिधित्व हुनेछ ।

(ग) छनौट समितिले बढुवाको आधार प्रकृया र कार्यविधिहरू निर्धारण गर्नेछ । ती आधारहरू त्रि.वि. सेवा आयोगले निर्धारण गरे भन्दा भिन्न हुने छैनन ।

(घ) छनौट समितिले सम्बन्धन प्राप्त क्याम्पसमा कार्यरत शिक्षक/कर्मचारीहरूको स्थायी नियुक्ति र बढुवा गर्दा प्राज्ञिक/प्रशासनिक क्षमता र अनुभवलाई आधार बनाउनेछ ।

(ङ) छनौट समितिका अध्यक्ष र सदस्यहरूको काम कर्तव्य, अधिकार, पारिश्रमिक, सेवा सुविधा र शर्तहरू कार्यकारी परिषदले तोके वमोजिम हुनेछ ।

(च) सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकहरूको नियुक्ति र बढुवा प्रयोजनका लागि गठन हुने छनौट समितिका लागि आवश्यक पर्ने सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित क्याम्पसहरूबाट नै हुनेछ ।

(छ) छनौट समितिले आवश्यक प्रकृया पुरा गरी उत्तीर्ण उम्मेदवारहरूको नामावली प्रकाशित गर्नेछ ।

(ज) मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ ।

परिच्छेद १२

सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन र निरीक्षण सम्बन्धी व्यवस्था

(१) **अनुगमन निरीक्षण गर्न सक्ने**

(**क**) डीन कार्यालय र योजना निर्देशनालयले तोकको व्यक्तिले जुनसुकै समयमा सम्बन्धन प्राप्त क्याम्पसहरूको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(**ख**) डीन कार्यालयल र योजना निर्देशनालयले तोकेको व्यक्तिले अनुगमन निरीक्षण गर्दा कम्तिमा देहायका कुराहरूलाई अनुगमन निरीक्षणको आधारहरू बनाउनेछ :

१. स्वीकृति प्रदान गरिए भन्दा वाहेक अन्य कार्यक्रमहरू संचालन गरे नगरेको ।

२. सम्बन्धन प्रदान गर्दा उपलव्ध पूर्वाधारको न्यूनतम स्तर कायम रहे नरेहेको ।

३. डीन कार्यालय, योजना निर्देशनालय र त्रि.वि.ले समयमा तोकका शर्तहरूको पालना भए नभएको ।

४. सम्बन्धन प्राप्त गरेवापत सम्बन्धित निकायमा वुझाउनु पर्ने शुल्क वा अन्य विवरण बुझाए नबुझाएको ।

५. न्यूनतम योग्यता पुगेको शिक्षक/कर्मचारीहरूको व्यवस्था भए नभएको ।

६. शैक्षिक गुणस्तर कायम राख्न भएका अन्य प्रयासहरू ।

७. तोकिएका अन्य शर्तहरू पालना गरे नगरेको ।

(२) **स्थलगत अध्ययन गर्नु पर्ने**

सम्बन्धित डीन कार्यालयले योजना निर्देशनालयसंग समन्वय गरी कम्तिमा वर्षको एक पटक सम्बन्धन प्राप्त क्याम्पसहरूको स्थलगत अध्ययन गरी सोको सुझाव सहितको प्रतिवेदन योजना निर्देशनालय मार्फत उच्च स्तरीय समिति समक्ष पेश गर्नु पर्नेछ ।

परिच्छेद १३

सम्बन्धन प्राप्त क्याम्पसहरूको समायोजन, सम्बन्धन स्थगन वा खारेजी सम्बन्धी व्यवस्था

(१) **सम्बन्धन प्राप्त क्याम्पसहरूको समायोजन**

(क) सम्बन्धन प्राप्त कुनै क्याम्पस स्वतन्त्र रुपमा संचालन हुन नसक्ने अवस्था रहेमा त्यस्तो क्याम्पसलाई नजिकैको सोही विषय र प्रकृतिको अर्को कुनै क्याम्पससँग समायोजना गर्ने गरी विश्वविद्यालयले निर्देशन दिन सक्नेछ ।

(ख) यसरी समायोजना गरिने क्याम्पसमा समायोजना हुने क्याम्पसले संचालन गरेको शैक्षिक कार्यक्रम संचालन गर्ने स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ ।

(ग) समायोजन गरिंदा समायोजन हुने क्याम्पसको सम्पूर्ण दायित्व समायोजन गरिने क्याम्पसमा हस्तान्तरण हुनेछ ।

(२) **सम्बन्धन स्थगन वा खारेजी**

देहायको अवस्थामा कुनै क्याम्पस वा क्याम्पस मातहतमा संचालित कार्यक्रम स्थगन वा खारेजी गर्न सकिनेछः

(क) क्याम्पसले सम्बन्धन प्राप्त गर्दाका वखत तोकिएको कुनै शर्त पुरा नगरेमा वा सो अनुरुप आचरण नगरेमा,

(ख) सम्बन्धन नविकरण नगरेमा,

(ग) विश्वविद्यालयले तोकेको सम्बन्धन शुल्क लगायत अन्य शुल्क नियमित रुपमा नवुझाएमा,

(घ) स्वीकृत प्रदान गरिएको भन्दा अन्य कार्यक्रम संचालन गरेमा,

(ङ) परिच्छेद ५ मा उल्लेख भए वमोजिमको काम कर्तव्यहरू पालन नगरेमा,

(च) त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालय, परीक्षा वोर्ड, परिषदसँग सम्बन्धन लिई कार्यक्रम संचालन गरेमा,

(छ) सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन प्राप्त गर्दाको समयमा तोकिएको क्याम्पसको नाम र संचालन हुने स्थान त्रि.वि.को स्वीकृति विना परिवर्तन गरेमा, त्रि.वि.को हित विपरित कार्य गरेमा, र

(ज) त्रि.वि.द्वारा तोकिएका अन्य शर्तहरू पालन नगरेमा ।

(३) **सफाईको मौका दिइने**

कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन स्थगन वा खारेज गर्नु अघि सम्बन्धित क्याम्पसलाई सफाईको मनासिव मौका दिइनेछ । परिच्छेद १३ (२) मा उल्लेख भए वमोजिम सम्बन्धन स्थगन वा खारेज गर्ने गरी कार्यकारी परिषदबाट निर्णय भएपछि विश्वविद्यालय सभाको लगत्तै वस्ने वैठकमा सोको जानकारी गराउनु पर्नेछ ।

(४) **सम्बन्धन स्थगन भएमा अध्ययन पुरा गराउनु पर्ने**

(क) कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन स्थगन वा खारेज भएमा त्यस्तो क्याम्पसले नयाँ विद्यार्थीहरू भर्ना गर्न पाउने छैन तर भर्ना भइसकेको विद्यार्थीहरूको अध्ययन पुरा गर्ने गराउने जिम्मेवारी भने सम्बन्धित क्याम्पसको नै हुनेछ । उक्त अवधिमा सम्बन्धन नविकरण नभएमा सम्बन्धन स्वत खारेज हुनेछ ।

(ख) कुनै कारणवंश सम्बन्धन स्थगन वा खारेजी भएको क्याम्पसले भर्ना भएका विद्यार्थीहरूको अध्ययन पूरा गराउन नसकेमा विश्वविद्यालयले त्यस्ता विद्यार्थीहलाई नजिकैको पायक पर्ने अर्को क्याम्पसमा अध्ययन पुरा गराउन निर्देशन दिन सक्नेछ । त्यस्ता विद्यार्थीको अध्ययन पूरा गराउन लाग्ने खर्च सम्बन्धित क्याम्पसले वेहोर्नु पर्नेछ ।

(५) **सम्पत्ति हस्तान्तरण गर्ने**

कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज भएको अवस्थामा परिच्छेद ४ अनुसारका क्याम्पसहरूको चल अचल सम्पत्ति स्वतः त्रिभुवन विश्वविद्यालयमा हस्तान्तरण हुनेछ ।

(६) **विश्वविद्यालय जवाफदेही नहुने**

सम्बन्धन प्राप्त क्याम्पसले गरेको कुनै प्रकारको प्रशासनिक र आर्थिक दायित्वप्रति विश्वविद्यालय जिम्मेवार र जवाफदेही हुने छैन ।

परिच्छेद १४
विविध

(१) **नाम र स्थान परिवर्तन सम्बन्धमा**: सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन प्राप्त गर्दाका अवस्थामा राखेको नाम र स्थान सामान्यतया परिवर्तन गर्न पाइने छैन तर कुनै विशेष मनासिव कारण परेमा सोको औचित्यता सहितको निवेदन दिएमा तोकिएको प्रक्रिया पुरा गरी विश्वविद्यालयले त्यस्तो नाम र स्थान परिर्वतन गर्न स्वीकृति दिने सक्नेछ ।

(२) **आवश्यक आदेश निर्देशन दिन सक्ने**: कार्यकारी परिषदले आवश्यक ठानेमा यस परिच्छेदमा उल्लेख भएका अतिरिक्त अन्य थप आदेश वा निर्देशन दिन सक्नेछ र त्यसरी दिएको आदेश वा निर्देशन पालना गर्नु सम्बन्धन प्राप्त क्याम्पसहरूको कर्तव्य हुनेछ ।

(३) **सम्बन्धन प्राप्त क्याम्पसको विधान**:सम्बन्धन प्राप्त क्याम्पस संचालनको सम्बन्धमा क्याम्पस आफैले विधान वनाइ स्वीकृतिको लागि त्रि.वि. योजना निर्देशनालयमा पेश गर्नु पर्नेछ र त्यस्तो विधान त्रि.वि.कार्यकारी परिषदबाट स्वीकृत भएपछि लागु हुनेछ । सम्बन्धन प्राप्त क्याम्पसको संचालक समितिको अध्यक्षको मनोनयन संचालक समितिको सिफारिशमा उपकुलपतिबाट तीन वर्षको लागि हुनेछ ।

(४) **प्रतिनिधि सम्बन्धी व्यवस्था**: सम्बन्धन प्राप्त क्याम्पसको संचालक समितिमा त्रि.वि.ले तोकेको एक जना त्रि.वि.को स्थायी शिक्षक प्रतिनिधिको रुपमा रहनेछ । सो प्रतिनिधिको अवधि तीन वर्षको हुनेछ ।

(५) **यस कार्यविधि वमोजिम हुने**: यस कार्यविधिमा लेखिएका कुरामा यसै वमोजिम हुनेछ र यसमा उल्लेख नभएका कुराहरूका हकमा त्रि.वि. नियम वमोजिम हुनेछ । यस अगाडी भएका सम्बन्धन सम्बन्धी कार्यहरू यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

(६) **व्याख्या**: यस कार्यविधिको व्याख्या गर्ने र वाधा अडकाउ फुकाउने अधिकार त्रि.वि. कार्यकारी परिषदलाई हुनेछ ।

(७) **संशोधन**: यस कार्यविधिलाई संशोधन गर्ने अधिकार त्रि.वि. कार्यकारी परिषदलाई हुनेछ ।

सन्दर्भ ग्रन्थ सूची

माथेमा, केदारभक्त *et al.* (२०७२), *चिकित्सा शिक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा उच्च स्तरीय कार्यदल २०७२,* नेपाल सरकार समक्ष प्रस्तुत गरिएको प्रतिवेदन ।

श्रेष्ठ, प्रकाश, पन्त, प्रल्हादराज *et al* (२०७१), त्रि.वि. क्याम्पस सम्बन्धन.....त्रिभुवन विश्वविद्यालय ।

शिक्षा मन्त्रालय (२०७२), *उच्च शिक्षा नीति २०७२,*काठमाडौं: शिक्षा मन्त्रालय ।

का.वि. (२०७१ क) सम्बन्धन तथा विस्तारित कार्यक्रम सञ्चालन सम्बन्धी नीति, २०७१, काठमाडौं: काठमाडौं विश्वविद्यालय ।

का.वि. (२०७१ ख) सम्बन्धन तथा विस्तारित कार्यक्रम सञ्चालन सम्बन्धी नियम, २०७१, काठमाडौं: काठमाडौं विश्वविद्यालय ।

शाक्य सूर्यबहादुर (२०६६). Establishing and Development of Tribhuvan University (1955-1973), Research Deivision T.U.